# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



पौष पूर्णिमा

धर्मकीर्ति विहारको आयोजनामा तिर्थयात्रा गएका तिर्थयात्रीहरूको समूह (सारनाथ)

DHARMAKIRTI

वर्ष– १७ अङ्क– १० वार्षिक रु. ५०/– मूल्य रु. ५/–

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ–सम्पादक मण्डल हुने छैन ।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

## विषय–सूचि


१. वुद्ध वचन ---------- १
२. सुखबिहारी जातक ---------- प्रकाश बज्राचार्य ---------- २
३. (कविता) मोह ---------- सुश्री सुमनादेवी शाक्य ---------- २
४. धम्मपद–१२४–२५ ---------- रीना तुलाधर ---------- ३
५. संगतफल ---------- अ. श्रद्धा गौतमी ---------- ४
६. यस क्षण भंगुर संसारमा रहेर केही गरूँ ---------- गंगालाल श्रेष्ठ ---------- ५
७. (कविता) झीगु विहार ---------- संजय ---------- ६
८. संयुक्त निकाय–१४ ---------- भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती ---------- ७
९. त्रिपिटक : एक चिनारी-१ ---------- अमिता धाख्वा "परियत्ति सद्धम्म कोविद" ---------- ९
१०. मानिहरू कतिसम्म विश्वासघाती हुन्छन् ? ---------- भिक्षु अश्वघोष ---------- १२
११. स्वर्गलाई जलाइदिन्छु नर्कलाई डुबाइदिन्छुः ---------- प्रस्तुति-विनीत विप्लव ---------- १३
१२. न्यनाः युइकाः सत्यता स्वीकार यायेमा ---------- सुनिल महर्जन ---------- १४
१३. नेपाःया बौद्ध साहित्यय् धम्मवती गुरुमांया न्ह्यानाच्वंगु पलाः - २ - प्रेमहीरा तुलाधर ---------- १५
१४. धर्मकीर्ति विहार–गतिविधि ---------- १८–१९
१५. धर्म प्रचार–समाचार ---------- २०–२५
१६. (कविता) आँखा देखेर अन्धो नबन ---------- ज्ञानरत्न शाक्य पलाती ---------- २५


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

**JANUARY, 2000**


| वर्ष- १७ | अङ्क- १० | मिलापुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





- आफूलाई मात्रै भलो हुने, अरूलाई हानी हुने काम गर्नु हुँदैन ।
- अरूलाई भलो हुने, आफूलाई हानी हुने काम नगरे पनि हुन्छ ।
- आफूलाई पनि भलो हुने, अरूलाई पनि हानी नहुने काम गर्नु पर्दछ ।
- अरूलाई भलो हुने, आफूलाई पनि हानी नहुने काम गरे पनि हुन्छ ।

★ ★ ★

Downloaded from http://www.dhamma.digital

# सुखबिहारी जातक

✍ प्रकाश बज्राचार्य

पश्चिमी क्षितिजमा थकाइले चूर्ण भइसकेको सूर्य रातो अनुहार गरी डुब्न लागेको थियो । आकाश रातो थियो । बादल रातो थियो । चराचुरूङ्गी आ-आफ्ना गुँडतिर जान थाले । चिसो चिसो मन्द मन्द हावा चल्न थाले ।

त्यो ठाउँ रमणीय थियो । मध्यान्हको समयले गर्दा झन मनोहर देखिन्थ्यो । चारैतिर ठूला ठूला रूख, थरि थरिका फूलहरू किसिम किसिमका फलहरू यत्रतत्र देखिन्थे । मृग र मयुरहरू नाचिरहेका थिए, चराहरू गाइरहेका । त्यो ठाउँ थियो राजाको बगैंचा ।

एउटा आँपको रूखमुनि बसिराखेको ऋषिले उद्यानको शोभा झन बढाएको थियो । लामा लामा सेता दाढी हुने त्यो ऋषि अति तेजस्वी देखिन्थ्यो । उसको नजिकै त्यही रूखमुनि उसको प्रधान शिष्य ऋषि लेटिरहेको थियो । ऊ चाहिं रमणीय वातावरण देखेर आनन्दित थिए । आफैमा सन्तुष्ट थिए । ठूलो आनन्द, ठूलो सुख महसुस भइरहेको थियो त्यो शिष्य ऋषिलाई ।

राजाको प्रवेश । उद्यानमा आज राजा एक्लै तपश्वी ऋषिलाई भेट्न आएका थिए । आँपको रूखमुनि आइपुगे । रूखको छहारीमा बसिराखेको तपश्वी ऋषिलाई वन्दना गरे । नजिकै लेटिराखेको आफैमा डुबेका शिष्य ऋषिले राजा आइपुगेको चालै पाएन । ऊ लेटिनै राखे । राजाले आफूलाई अपमान गरेको ठाने, आफूलाई हेला गरेको ठाने । आफ्नो गुरु ऋषिको नजिकै बसेर भने, "ऋषिज्यू ! तपाइँको शिष्य त अति घमण्डी रहेछ ।"

"किन र, महाराज ?" तपश्वीले सोधे ।

"हेर्नुस् न, म आउँदा पनि उठेन तपाइँको शिष्य । शायद आजभोलि राम्रो भोजन पाउँदो होला त्यसैले फूर्तिकला गर्दैछ । के उसलाई म राजा हुँ भन्ने पनि थाहा छैन ? के उसलाई राजा आएपछि कसरी बस्नुपर्छ पनि थाहा छैन ? हेर्नुस् न, कति आनन्द लिई मस्तसंग लेटिराखेको !"

तपश्वीले भने, "महाराज, नरिसाउनुस् । यो मेरो शिष्यले ठूलो सुखको अनुभव गर्दैछ । उसको जीवनमा यस्तो आनन्द, यस्तो सुख उसले कहिल्यै पाएको थिएन, त्यसैले ऊ सुख प्रीतिमा लीन छ ।"

"किन नि, के पहिले राम्रोसँग खान पाएको थिएन र ? राजाले सोधे ।

"महाराज, त्यसो होइन । मेरो शिष्य पनि पहिले तपाइँ जस्तै ठूलो राजा थियो । ठूलो परिवार, ठूलो सम्पत्ति, ठूलो राज्यको मालिक थियो ।"

"अनि ?"

"राजा छउन्जेल सुरक्षित महसुस हुँदैनथ्यो चाहिंदा नचाहिंदा बन्धनमा फसेको हुन्थ्यो । अब ऋषि भयो । बन्धनबाट मुक्त भयो । भय रहेन । चिन्ता रहेन । स्वतन्त्र भयो । त्यसैले उसले ऋषि जीवनमा ठूलो सुख, ठूलो चैन, ठूलो शान्तिको अनुभव गर्दैछ, महाराज यस्तालाई दोष नदिनुहोस् ।" तपश्वीले भने ।

राजा चकित भए । आश्चर्य भए । चित्त बुझ्यो । विस्तारै टाउको निहुराई वन्दना गरे ।

× × ×

**यो जातक कथा भगवान् बुद्धले राज्य छाडी भिक्षु हुने व्यक्ति भद्दियको कारणमा भन्नुभएको थियो । यसमा मुख्य तपश्वी ऋषि स्वयं बोधिसत्व थिए ।**

# मोह

✍ सुश्री सुमनादेवी शाक्य
चैनपुर-३, संखुवासभा

अन्धकारमा बाटो नदेखे जस्तै
जंगल कुन हो बाटो कुन हो
कहाँ जाने, के गर्ने, के हुन्छ, थाहा हुँदैन
मोहमा परेको व्यक्तिको सुद्धि हुँदैन ।

धर्म अधर्म थाहा नपाए जस्तै
रात-दिन अलमलमा परिरहन्छ
जहाँ गए पनि जे गरे पनि स्मृति हीन हुन्छ
मोहमा परेको व्यक्तिको बुद्धि भ्रष्ट हुन्छ ।

अन्धो मानिसले आँखा नदेखे झैं
शक्ति भक्ति हराएर बस्छ ऊ
चित्त चंचल गरेर मन ठेगान नभई
मोहमा परेको व्यक्ति मोहीत भै बस्छ

मोहरूपी शत्रुलाई हटाउन हामीले अब,
एउटै मात्र साधन मार्ग जानौं भित्रि हृदयले
सम्यक सम्बुद्धद्वारा देशित शील जानौं बुझौं
चिन्तन मनन गरी परिपालना गरौं सबैले



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१२४–२५

✍ रीना तुलाधर

अप्पस्सुतायं पुरिसो
बलिवद्दोव जीरति
मंसानि तस्स बड्ढन्ति
पञ्ञा तस्स न बड्ढति

**अर्थः**– अल्प बुद्धि भएका, अज्ञानी, मूर्खहरू साँढे जस्तै ठूलो भएर बढ्छ। त्यस्ताको जीउमा मासु त बढ्छ तर प्रज्ञा बढ्दैन।

**घटनाः**– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बसीरहनु भएको बेला लालुदायी स्थविर, जो अल्पबुद्धिका थिए उनको कारणमा भन्नु भएको थियो।

लालुदायी स्थविर अल्पबुद्धिका थिए। उनले कहाँनिर कस्तो उपदेश दिनुपर्छ भनेर जानेका थिएनन्। कसैको घरमा मंगल कार्य भइरहेको छ भने उसले दाह संस्कार जस्तो अमंगल कार्यमा भन्नुपर्ने उपदेश तथा पाठहरू गर्ने गर्थ्यो। त्यस्तै दाह संस्कार जस्तो अमंगल कार्य भइरहेको घरमा गएर मंगल कार्यमा सुनाउनु पर्ने पाठहरू सुनाउँथे। यसप्रकार जहाँ गएपनि एक किसिमको भन्ने भनेर सोचेपनि भन्ने बेलामा पुरै उल्टो पाठहरू भन्ने गर्थे। ठाउँलाई उचित हुने किसिमले उपदेश दिन जान्दैनथ्यो। अरू भिक्षुहरूले यसरी यी लालुदायी स्थविरले यसरी उल्टो उल्टो गरी धर्मदिशना तथा पाठहरू गरेर हिँडेको देखेर सुनेर सो कुरा भगवान बुद्धकहाँ गएर सुनाए– "भो शास्ता यी लालुदायी स्थविरले मंगल र अमंगल कार्य हुने ठाउँमा उचित धर्मदिशना नगरीकन उल्टो उल्टो धर्मदिशनाहरू गरेर हिँड्छन्।" भिक्षुहरूबाट यो कुरा सुन्नु-भएपछि भगवान बुद्धले भन्नुभयो– "उनले यसरी गरी हिँडेको अहिले मात्र होइन अतीतको जन्ममा पनि यस्तै गरेका थिए" भनेर अतीतको कथा पनि सुनाउनु भयो। भगवान बुद्धले फेरि भन्नुभयो– "भिक्षुहरू हो! अल्पश्रुत अथवा धेरै नजानेका नसुनेका व्यक्तिहरू साँढेहरू समान हुन्छन्।"

यस्तो भन्नुहुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो।

× × ×

"अनेक जाति संसारं–सन्धाविस्सं अनिब्बिसं
गहकारकं गवेसन्तो–दुक्खा जाति पुनप्पुनं"

"गहकारक दिट्ठोसि–पुन गेहं न काहसि
सब्बा ते फासुका–भग्गा गहकूटं विसङ्खितं
विसंखारगतं चित्तं–तण्हानं खयमज्झगा"

**अर्थः**– फेरि फेरि जन्म लिनुपर्ने दुःख भएको कारणले मैले यो शरीररूपी घर बनाउनेलाई खोज्दै हिँडेर यो संसारमा बार बार जन्म लिईसकें। गृहकारक! अब मैले तिमीलाई देखीसकें। अब फेरि तिमीले घर बनाउन सक्ने छैनौ। तिम्रो घर बनाउने ज्याभल सबै भाँचीदिइसकें। घरको शिखर सबै विनाश भइसक्यो। चित्त संस्कार रहित भइसक्यो। तृष्णा क्षय भइसक्यो।"

**घटनाः**– यो महत्त्वपूर्ण उदान भगवान बुद्धले बोधिवृक्ष रूखमुनि बोधिज्ञान प्राप्त गर्नुभएपछि बोल्नु भएको थियो। पछि आनन्द स्थविरको एउटा प्रश्नको उत्तर दिँदै पनि भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो।

उहाँ भगवान बुद्धले बोधिवृक्ष रूखमुनि बसेर बोधिज्ञान प्राप्त गर्न अटल प्रयास गरी रहनु भएको बेला सूर्य नअस्ताउँदै मार सेनामाथि विजय प्राप्त गर्नुभयो। त्यस रातको प्रथम पहरमा पूर्वेनिवास ज्ञान साक्षात्कार गर्नुभयो। अन्धकारलाई भत्काएर निस्कनु हुँदै रातको मध्यम प्रहरमा दिब्य चक्षु परिशुद्ध गर्नुभयो। रातको अन्तिम प्रहरमा सत्व प्राणीहरूको प्रति करूणा राख्दै प्रत्ययाकार ज्ञानमाथि आफ्नो चित्त एकाग्र गरी तलबाट माथि, माथिबाट तल गरी ध्यान गर्दा गर्दै बिहान अरूणोदयको समय भएपछि सम्यक सम्बोधिज्ञान साक्षात्कार गर्नुभयो। अनेकौं पूर्व समयका सम्यक सम्बुद्धहरूले पनि बोल्नु हुने उदान वाक्य बोल्दै उपरोक्त गाथा भन्नु भएको हो।

■



Downloaded from http://www.dhamma.digital

# संगतफल

✍ अ. श्रद्धा गौतमी

एक ठाउँमा अति नै मिल्ने परिवार थियो । परिवारमा लोग्ने-स्वास्नी लगायत दुई छोराहरू नन्द र सुनन्द पनि थिए । पुत्रहरू पनि अत्यन्त मिल्ने एवं मिलनसार थिए । कलहबिना नै रमाइलैसँग जीवन गुजार्दै थिए । माता-पिताको कुशल मार्गनिर्देशनमा शिक्षा पनि हासिल गरे । पढाईमा निपूर्ण भएपश्चात् गतिलो काममा पनि लागिहाले ।

पढे अनुसार आज्ञाकारी र ज्ञानी ती दुई भाइहरूले आफ्ना आमा-बालाई प्रायः केही पनि काम गर्न दिंदैनथ्यो । मन प्रसन्न काम गर्न सिपालु छोराहरू देखी बा-आमा औधी खुशी थिए । गाउँबासी सबैले बरोबर भन्ने गर्थे- "अहो ! कस्तो मिल्ने दाजु-भाई !"

रमाइलो दिनसँगै एकदिन सुनन्द भाइ चाहिं अफिसको कामकै सन्दर्भमा अन्यत्र जानुपर्ने भयो । यो कुरा सुनेर दाजु नन्दको गहभरी आँसु छचल्किन थाल्छ । बा-आमाले पनि ज्ञात गरेर आँखामा आँसुको सँगालो राख्नै भने– "के गर्छौ त छोरा ? काम त गर्नैपर्‍यो, अफिसको कुरा स्वीकार्नै पर्‍यो । दुःख लाग्छ, तिमीहरू छुट्नु पर्‍यो । किन्तु त्यहाँ गएर राम्ररी काम गर, कसैको लहलहैमा नपर, घरमा पनि चिट्ठी लेख्दै गर ... इत्यादि ।"

भोलिपल्ट नै सुनन्दले अफिसबाट जानुपर्ने ठाउँको ठेगाना प्राप्त गरी आफ्ना-पिता र दाजुसँग रून्चे मूहारमा बिदा लिएर गयो । शहरमा नै सुनन्दको अफिस परेको रहेछ । त्यहीं बसेर काम गर्न थाल्यो । घरमा पनि चिट्ठी पठाउँदै गर्‍यो । प्रत्येक बिहान बा-आमा र दाजुप्रति आदर राखी तिनीहरूको स्मरण गरेर नमस्कार गर्थ्यो ।

हुँदा-हुँदै त्यहाँ सुनन्दका साथी भाइहरू भए । प्रायः साथीहरू लागूपदार्थ सेवन गर्दथे । उनीहरूकै सत्संगत एवं करकापमा सुनन्दले पनि अम्मल सेवन गर्न थाले, जसले गर्दा काममा पनि वास्ता दिएन, दिन सकेन । उसको व्यवहार देखेर हाकिमले कामबाट निश्काशित गरिदियौ । पैसा आउने कुनै स्रोत पनि रहेन । त्यसपछि उसले चोरी-डकैती, लुटपात जस्ता कुकार्यहरू गर्न पनि बाँकी राखेन । मित्रहरूको लहलहैमा लागेर, मान्छेहरूसँग लुट्ने र लुट्न नसके मारेर पनि लुट्ने गर्न थाल्यो ।

घरमा चिट्ठी नआउँदा नन्दले अफिसमा पत्राचार गर्‍यो । चिट्ठी पाउनासाथ त्यहाँका हाकिमले सुनन्दको सबै खबर समावेश गरी चिट्ठी पठाइदियो तर घरको कुनै परिवारको सदस्यले पनि पत्याउन सकेन । तिनीहरू आफै त्यस शहरमा गए र सुनन्दको खोज-तलास गर्दा-गर्दै एक जङ्गलमा पुगे, जहाँ रक्सीले मातेर वरीपरी रक्सीका बोतलहरू फालेर सुनन्द उत्तानो परिरहेको थियो । तिनीहरूले "सुनन्द ! तिमी के गर्दैछौ ? के भयो ?" भनिकन स्नेहले सोधे । किन्तु "म कसैको सुनन्द होइन" भन्दै जुरुक्क उठेर गर्जिन थाल्यो– "तिमीहरूसँग जे छ निकाल नत्र ज्यान लिन्छु । ज्यान प्यारो कि धन प्यारो ?"

अकल्पनीय कुरा सुनेर नन्द दुःखित हुँदै केही पनि भन्न नसक्ने स्थितिमा पुग्यो । उता बा-आमा भने "बाबु ! तिमीले यो के भनेको ? हामी तिम्रा बा-आमा हौं" भन्दै सम्झाउन प्रयत्न गर्छन् । तर सुनन्दले किञ्चित वास्ता गर्दैन । बरू "रक्सी खानुपर्‍यो, चुरोट पिउन पर्‍यो" भन्दै कराउन थाल्यो । उसको दयनीय हालत देखेर सबै रून-रून नै थाल्यो र उसलाई हेर्न पनि सकेन, केही भन्न पनि सकेन । उनीहरू चुप लागेर घुमिरहे । उता सुनन्द भने पैसा निकालेन भने रक्सीले पूर्णतः मातिदै आफ्नै दाइमाथि खुकुरी प्रहार गरेर मारिदिन्छ र भएको पैसा च्याप्दै एकातिर भाग्न थाल्छ । उक्त दृष्य देखेर बा-आमा दुइटै ठहरै बेहोश !

होश फिरेपश्चात् आफ्ना असल, आज्ञाकारी पुत्रहरू गुमाएकोमा शोक गर्छन् । देवतासरी छोराहरू पनि नराम्रो कुसंगतले गर्दा नराम्रो भएर हराएर–बिलाएर गयो । यस्तो दुर्दशा दृष्यावलोकन गरेर संगतफल सम्झिदै; बुद्धको यही वाक्य स्मरण गर्दै मन दऱ्हो पार्छन्– "बालमूर्खजनको संगत नगर्नु, पण्डित ज्ञानीहरूको संगत गर्नु । यही उत्तम मंगल हुन्, जनकल्याण-हितउपकार हुन् । अन्यथा जीवन नष्ट-ध्वस्त बन्छ, अवश्य पनि बन्नैपर्छ । "तिनीहरूको आँखाबाट पुत्र शोकमा दुई थोपा आँसु टुप्लुक्क झरे, थाहै पाइएन ।

■



Downloaded from http://www.dhamma.digital

# यस क्षण भंगुर संसारमा रहेर केही गरूँ

✍ गंगालाल श्रेष्ठ

यो सुन्दर संसारको सृष्टीकर्ता को हो भन्ने बारे आदि मानवहरू पनि निकै चिन्तनशील हुँदै आइरहेको मानव इतिहासबाट थाहा पाइन्छ। ती आदि मानवहरूको वंशज सुसंगठित भएर रहन थाले पनि समाजमा बितेका र घटेका अनुभवबाट जुन सिके र जाने त्यसैलाई नै समाजको परम्परा रूप दिए। यही पछि गएर संस्कृति र धर्म स्वरूप लिए। यसरी समाजले धर्मलाई जन्म दिएपछि संसारको जन्मदाता ईश्वर हो भन्ने अवधारणाहरू देखापर्दै आए । यही अवधारणालाई विश्वका सबै धर्म ग्रन्थले मुक्तकण्ठले गुनगान गर्दै आइरहेको छ । तर विश्वको जन्मबारे वैज्ञानिकहरूले आफ्नै तर्कहरू अगाडि राख्दै आइरहेको छ । विद्वानहरूले वैज्ञानिकहरूको तर्कलाई भौतिकवाद र धार्मिक अवधारणालाई अध्यात्मवाद संज्ञा दिएका छन्। अध्यात्मवाद र भौतिकवादको मत भिन्नता रहेता पनि मानवहरू यो संसार देख्न पाएकोमा आफूलाई अहोभाग्य महसूस गरेका छन्।

यस धर्तीमा पदार्पण गरेका मानव मात्र नभएर जति पनि जीवात्मा छन् ती सबै एकदिन यसै धर्तीमा विलिन भएर जानै पर्छ। मानवले पृथ्वीमा देखेका पदार्थहरू छन् ती पदार्थहरू पनि एकै रूपता र स्वरूप स्थीर भएर रहँदैन। यो पनि अदलिबदली भइनै रहन्छ। किनभने त्यो प्रकृतिको अटल नियम हो। यो नियमबाट न त मानवले विजय पाउन सकिन्छ, न त प्रकृतिको स्वरूप नै स्थीर रहन सक्छ। तर प्रकृतिको प्रकोप र मानवहरूको कोषबाट बच्न सक्ने मात्र नभएर प्रकृतिको अटल नियमबाट पनि छुन नसक्ने त्यो हो मानवको पुरुषार्थ । आज विश्वमा धार्मिक, मानव र संस्कृति इतिहासको पाना पल्टायो भने केही पुरुषार्थ केवल इतिहासको पानामै सीमित रहयो भने केही पुरुषार्थ मानिसहरूको हृदयको ढुकढुकी बन्न पुगेको छ । मानवहरूले यो संसारमा छोडेर गएका योगदानको इतिहासलाई अध्ययन गर्दा मानव कल्याणकारी योगदान नै मानिसहरूले युगौं युग देखि आफ्नो हृदय भित्र ठाउँ दिँदै आइरहेको थाहा पाइन्छ।

एकजना मानिस जन्मेर मृत्युलाई ग्रहण गर्नु बीचको काल खण्डमा त्यो मानिसले जे जति कार्यहरू गर्छ त्यो त्यसको इतिहास हो । तर यो इतिहास लिखित पनि हुनसक्छ अलिखित पनि हुनसक्छ । मानिस मरेपछि उसँगै जाने इतिहास अलिखित हो भने मानिस मरेर गए पनि उसले गरेको कार्य मानिसहरूले कदर गर्ने वा गुनगान गर्ने लिखित इतिहास हो । तर मानव सेवा र समाज सेवा कार्य नै यो संसारमा फलेको फुलेको इतिहासले थाहा दिन्छ। भगवान बुद्धले राज महलको ऐस आराममै जीवन बिताएको भए त्यसको इतिहास केवल पानामा मात्र सीमित हुने होला । तर राजपात त्यागेर सन्यासी भएर मानवहरूको मुक्तिको बाटो देखाउने, मानव सेवा र मानव कल्याणमा आफ्नो जीवन अर्पण गर्न सकेको कारणले आज विश्वमा मानिसहरूले बुद्ध भगवानको योगदानलाई आफ्नो जीवन फलको रूपमा ग्रहण गर्दै आइरहेका छन्। बुद्धको इतिहासलाई मेटाउन युग युगमा सम्राटहरू नजन्मेको पनि होइन । मानव कल्याण र मानव मुक्तिको मार्ग पथप्रर्दशन गर्ने भगवान बुद्ध अगुवा भएकाले सम्राट बुद्ध धर्म दोषी भएता पनि जनताहरूले संरक्षण दिएकै कारणले यस्ता राजा बुद्ध धर्म प्रचार भइरहेकै भूमीमा दिवंगत भए तर बुद्ध धर्मलाई नाश गर्न सकेन । बुद्ध धर्म मानव कल्याणकारी भएकाले २५०० वर्ष अगाडि भारतको भूमीमा सूत्रपात भएको आज विश्वको कुना काप्चामा फैलिदै गइरहेका छन्।

२५०० वर्ष अघि भारतीय जन समाजमा धर्मको नाउँमा दमन, शोषण, अन्याय र अत्याचार नहुँदो हो त सिद्धार्थ बुद्ध बन्ने थिएन होला। त्यसबेला धर्मको नाममा पशुबलीले भारतको भूमी रक्तरंजित भइरहेको मात्र नभएर वर्णभेदले मानिसले मानिसप्रति घृणा, तिरष्कार र बहिष्कार संस्कारले अछुट मानिसहरू मानवीय रूपमा होइन पशु सरह जीवन यापन गर्नुपर्ने बाध्यता थिए। यस्ता बाध्यता बोकेका कतिपय मानिसहरूले आफूलाई यस धर्तीमा आएकोले धिकाऱ्यो होला भने कतिले त मानिस भएर



Downloaded from http://www.dhamma.digital

मानवीय जीवन बिताउन नपाएको पिडाबाट झरेका आँसुहरूबाट आफ्नो आगनहरू भिज्यो होला । यसरी मानव भएर मानवप्रति अन्याय र अत्याचार भइरहेको र धर्मको नाउँमा निरिह पशुहरूको विनाश भइरहेको देखेर समाज सुधारको लागि भगवान बुद्धले आफ्ना सन्देशहरू भारतीय जन समक्ष राख्छ । भारतीय जनताहरूले यस्ता दिव्य महापुरुषको प्रतिक्षामा थिए भने भारतको भूमीले पनि आव्हान गरिरहेका थिए ।

बुद्ध भगवानले प्रचार गरेको धर्मले भारतवासीहरूलाई आफ्नो जीवन सुधार्न प्रेरित गऱ्यो भने सत्मार्गतिर लाग्ने पनि प्रेरणा दिए । आफ्नो जीवन सुधार्न र सत्मार्गमा लाग्ने मात्र सन्देश दिएको नभएर कोही पनि मानिस मानव कल्याणको मार्गमा लागेर आफूलाई निर्वाण प्राप्त गर्न भिक्षु संघ खोलेर भारतवासीहरूलाई स्वागत गऱ्यो । भगवान बुद्धले प्रचार गरेको धर्मले भारतको जनसमाजमा धार्मिक क्रान्तिको रूप लियो । धर्मको नाममा, संस्कृतिको नाममा र वर्ण भेदले अन्याय र अत्याचार सहेर कठिन जीवन बिताउनु पर्ने विवश भएका मानिसहरू बुद्ध संघमा प्रवेश गरेर मानव कल्याणको सेवामा आफूलाई निरन्तरता दिए । भगवान बुद्धले प्रचार गरेको धर्मले मानिसहरूको हृदयमा ठाउँ लिए पछि भारतमा यत्रतत्र फैलिंदै गएकाले राजाहरूलाई पनि यो धर्मको प्रशंसा गर्नुपर्ने बाध्यता आएको मात्र नभएर कतिपय सम्राटहरू पनि भगवान बुद्धको भिक्षा पात्रमा तन मन चढाए ।

बुद्ध धर्मले भारतमा व्यापकता लिएकाले बुद्ध भगवानलाई ब्राह्मण विरोधी र हिन्दू धर्म द्वोषी आरोप दिए । तर पालि ग्रन्थलाई संग्रह गर्ने हो भने भगवान बुद्धले न हिन्दू धर्मप्रति प्रहार गरेको उल्लेख नै भेटिन्छ । तर पाखण्डी र ढोंगी पण्डितहरूलाई आफ्नो जीवनको कृयाकलापमा सुधार्न शिक्षा दिएको अवश्य भेटिन्छ । भगवान बुद्धले धर्म प्राचार गर्दा कुनै धर्म ग्रन्थको साहारा नलिएर देखेको, भोगेको र अनुभव पाएको आधारमा शिक्षा दिएको देखिन्छ । भगवान बुद्धले आफूले थाहा नपाएका, नदेखेका र अनुभव नभएका शिक्षा दिएको देखिन्दैन । आत्माबारे सोधिएको प्रश्नबारे भगवान बुद्ध मौन रहेको पालि ग्रन्थमा सुन्दर ढंगले वर्णन गरिएको छ । यस उसले भगवान बुद्धले जुन धर्म प्रचार गरे त्यो कसैको विरूद्धमा नभएर त्यसबेलाको समाजको लागि एक नवीन नैतिक शिक्षाको आवश्यक थिए । त्यही शिक्षा भगवान बुद्धले दिएको हो ।

बुद्ध भगवानको जीवनी इतिहासको अध्ययनबाट हरेक मानवहरू कुमार्गमा होइन सुमार्गमा लाग्न मनमा जगाउँछ । कुकर्म वा कुमार्गमा लागेका मानिसहरूको इतिहास संधै सरापेको हुन्छ भने इतिहासको पानामा पनि कलंकित भएको पाइन्छ । सत्मार्गमा लागेका मानवहरूको इतिहास संधै फलेको र फुलेको पाइन्छ । यस उसले यस क्षण भंगुर संसारमा रहेर केही किर्ती छोडेर जानु नै जीवनको सारतत्व हो । यही किर्तीगाथा न त प्रकृतिको प्रकोपले नाश गर्न सक्छ न त मानवहरूले मेटाउन सकिन्छ ।

■

## झीगु विहार

✍ संजय

गुलि बांला झीगु विहार
गौतम बुद्धयागु मूर्ति दया:
उपासक उपासिका मुनाच्वंगु
सुखया मार्गे वने दया:

उपदेश वीम्ह भिक्षु अन
लोभ, तृष्णा मदुम्ह थें
नापं च्वंम्ह बुद्धं अन
शरण कया तम्ह थें ।

बुद्धया शिक्षा पालन याना
अनगारिका जूवंपिं
शरण वनागु लिपा लाना
नुग: मछिंका: च्वंपिं थें

ध्यान विया न्यना च्वंपिं
उपासक व उपासिकापिं
शुद्धोदनं दूत छ्वया ह:पिं
ल्याहाँ मवंसे था:पि थें ।

पुलुपुलु च्या:गु देवा मतं
विया च्वन संकेत फुक्कसित
चिकं फुइवं जि फुइ थें
आयु फुइवं सकलें फुई

च्या:गु धुँया कुं थाँहा वंगु
बोधिवृक्षया सिमा कचा थें
न्ह्योने च्वंम्ह बुद्धया मूर्ति
तपस्या याना च्वंम्ह थें

फलफुल व पंचामृत
बुद्धया मायां ल्यंकूगु थें ।
बाँबाँला:गु स्वाँ अन
स्वर्गया अप्सरां ह:गु थें ।

कालकुल हाँस: सुयागुं मदु
स्वयायाय् तक सफा जू
धुँ धुँपाय्या बास वोथें
स्वाँया वासनं अतिकं दु ।



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय–१४

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## दोश्रो परिच्छेद

### २. देवपुत्र–संयुक्त (पहिलो भाग)

**[१. कस्सप सुत्त (२.१.१) भिक्षु अनुशासन (१)]**

मैले यस्तो सुनेको थिएँ। एक समय श्रावस्ती स्थित अनाथपिण्डकको जेतवन आराममा बुद्ध रहनु भएको थियो। तब, देवपुत्र काश्यपले आफ्नो चम्किलो रश्मिले जेतवन विहारलाई चम्काउँदै जहाँ भगवान् बुद्ध रहनुभएको थियो, त्यहाँ आई बुद्धलाई वन्दना गरी अलग्ग एक स्थानमा उभिन पुगे। उक्त स्थानमा उभिँदै देवपुत्र काश्यपले भगवान् बुद्ध समक्ष भन्न थाले– "भगवान (बुद्ध) ले भिक्षुलाई प्रकाश गर्नुभयो तर भिक्षुको अनुशासनलाई होइन।"

(भगवान बुद्ध) – "त्यसो भए काश्यप! तिमीले जसरी बुझेका छौ, त्यसरी नै (अनुशासनको विषयमा) बताउनु।

काश्यप– राम्रो उपदेश र श्रमणहरूको सत्संगत, एकान्त स्थानमा एक्लै वास गर्नु, तथा (आफ्नो) चित्त शान्त राख्ने कार्यमा अभ्यास गर्नु।" काश्यप देवपुत्रले यति भन्यो। (यसलाई) भगवान् (बुद्ध) ले सहमति जनाउनु भयो।

तब काश्यप देवपुत्र बुद्धको यस सहमतीलाई जानी भगवान् बुद्धलाई वन्दना र प्रदक्षिणा गरी त्यहींबाट अन्तर्ध्यान भएर गए।

**[२. कस्सप सुत्त (२.१.२) भिक्षु अनुशासन (२)]**

श्रावस्तीमा।

एक अलग्ग स्थानमा उभिएर काश्यप देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे।

"– अर्हत् पद प्राप्त गर्न चाहने भिक्षु ध्यानी र विमुक्त चित्त सहितको भई संसारको उत्पत्ति विनाश (स्वभाव)लाई जानी चित्त पवित्र पारी अनाशक्त हुन सक्नु पर्दछ, यो उसको गुण हो।

**[३. माघ सुत्त (२.१.३) के नाश गर्न सकेमा सुख हुनेछ ?]**

श्रावस्तीमा ...।

माघ देवपुत्र रात बितिसकेपछि आफ्नो चम्किएको रश्मिले जेतवनको सबैभाग चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आयो र भगवान् (बुद्ध) लाई वन्दना गरी अलग्ग एक स्थानमा उभिए। अलग्ग एक स्थानमा उभिएका माघ देवपुत्रले भगवान् (बुद्धलाई) यस गाथाद्वारा भन्न थाले–

के नाश गर्न सकेमा सुखपूर्वक सुत्न सकिन्छ ?  
के नाश गर्न सकेमा शोक हुनेछैन ?

कुन धर्मलाई वध गर्दा गौतमले स्वीकार गर्नु हुन्छ ?

भगवान् बुद्ध– क्रोधलाई नाश गर्न सकेमा सुखपूर्वक सुत्न सकिन्छ।

क्रोधलाई नाश गर्न सकेमा शोक हुनेछैन।  
अगाडि ठीक जस्तो लाग्ने तथा वत्रलाई जित्ने★  
विषको मूल तत्त्व क्रोधलाई वध गर्न सकेमा  
(यसलाई) पण्डितहरूद्वारा प्रशंसा गर्नेछ;  
त्यसैलाई (क्रोधलाई) काट्न सकेमा शोक हुनेछैन।

**[४. मागध सुत्त (२.१.४) चार प्रद्योत]**

अलग्ग एक स्थानमा उभिएका मागध देवपुत्रले भगवान् (बुद्ध) समक्ष यस गाथा प्रस्तुत गरे–

लोकमा कति प्रद्योतहरू छन्,  
जसबाट लोक प्रकाशित हुन्छ ?  
तपाईँसँग सोध्नका लागि आएको छु।  
हामीले यसलाई कसरी थाहा पाउने ?

भगवान् बुद्ध–

लोकमा चार प्रकारका प्रद्योतहरू छन्। यस बाहेक बढी पाँचौं अर्को छैन।

दिउँसो सूर्य चम्केको हुन्छ, राती चन्द्रमाले शोभा दिइरहेको हुन्छ र आगोले दिनरात प्रकाश दिन्छ।

(भगवान् बुद्ध) सम्बुद्ध प्रकाश दिनेहरू मध्ये श्रेष्ठ हो। यसको (सूर्यको) तेज अलौकिक नै हुन्छ।

---

★ वत्र नाम गरेको असुरलाई जित्ने इन्द्र।



Downloaded from http://www.dhamma.digital

## [५. दामलि सुत्त (२.१.५), ब्राह्मण कृतकृत्य हुन्छ]

श्रावस्तीमा,

दामलि देवपुत्र रात बितिसकेपछि आफ्नो चम्किलो रश्मिले जेतवनको सबै भाग चम्काई जहाँ भगवान बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आयो र भगवान् बुद्धलाई वन्दना गरी अलग्ग एक स्थानमा उभिए। अलग्ग एक स्थानमा उभिएर दामलि देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे–

ब्राह्मणले यहाँ धेरै परिश्रम र अभ्यास गर्नु पर्दछ,

काम (पञ्चकाम) लाई पूरा नाश गर्न सकेमा फेरि जन्म लिनुपर्ने छैन।

भगवान् बुद्ध–

हे दामलि ! ब्राह्मणको तर्फबाट कुनै पनि कार्य गर्न बाँकी रहेको हुँदैन।

जुन कार्य गर्न बाकी रहेको हुन्छ, त्यस कार्य ब्राह्मणले समयमा नै पूरा गरिसकेको हुन्छ।

जबसम्म प्रतिष्ठा (लक्ष) प्राप्त गर्न सकेको हुँदैन, तबसम्म नदिहरूमा प्राणीहरूले आफ्ना सबै अंगले नदी पार तर्नको लागि प्रयत्न गर्छन्।

तर जमीनमा उत्रिसकेपछि पहिला जस्तै नदी पार तर्न उनीहरूले कोशिस गरिरहन पर्दैन।

(किनभने) तिनीहरूले त अब (नदी) पार गरिसकेको छ।

दामलि ! ब्राह्मण पनि यही उपमा हो,

क्षीणाश्रव, चतुर र ध्यानीले त जन्म र मृत्युलाई अन्त्य गरिसकेका हुन्छन्। उनीहरूले अब कोशिस गरिरहन पर्दैन। उनीहरूले त यस अवस्थालाई पार गरिसकेको हुन्छ।

## [६. कामद सुत्त (२.१.६) सुखद सन्तोष]

अलग्ग एक स्थानमा उभिंदै, कामद देवपुत्रले भगवान् बुद्ध समक्ष भन्न थाले–

भगवान् ! यो कार्य धेरै कठिन छ वडा नै कठिन छ।

भगवान् बुद्ध– "कठिन भए पनि (गर्ने व्यक्तिले) यस कार्यलाई पुरा गरेरै छोड्छन्,

हे कामद ! शैक्ष, शील पालन गर्न अभ्यासरत, स्थिरात्म, प्रव्रजित (संसारिक वन्धनबाट मुक्त हुन चाहने त्यागी) लाई अति सुखद सन्तोष प्राप्त हुनेछ।"

कामद देवपुत्र– भगवान् बुद्ध ! यो सन्तोष धेरै दुर्लभ छ।

भगवान् बुद्ध– हे कामद ! चित्त शान्त राख्न प्रयत्नरत, जो दिन रात भावना गर्ने कार्यमा लागिरहन्छन् (त्यस्ता व्यक्तिले) दुर्लभ भए पनि यसलाई (दुर्लभ सन्तोष) प्राप्त गरिरहेका छन्।

कामद देवपुत्र– भगवान् बुद्ध ! चित्तलाई यस्तो कार्यमा लगाइराख्न धेरै कठिन छ।

भगवान् बुद्ध– चित्तलाई यस्तो कार्यमा लगाउन कठिन भएपनि यस्तो कार्यमा लगाइरहने व्यक्तिहरू छन्।

हे कामद ! आफ्ना इन्द्रियहरूलाई शान्त राख्ने कार्यमा लागिरहने, पण्डितहरूले मृत्युको जाललाई काटेर मुक्त भएरै जान्छन्।

कामद देवपुत्र–

भगवान् ! दुर्गम छ, मार्ग विषम छ।

भगवान् बुद्ध– हे कामद !

दुर्गम भएपनि अथवा विषम भएपनि आर्यहरू उक्त मार्गमा लागिरहेका छन्,

अनार्यहरू यस विषय (कठिन) मार्गमा (जान नसकेर) टाउकोले टेकेर लड्ने गर्छन्,

तर आर्यहरूको लागि (यस कठिन) मार्ग समतल हुनेछ, आर्यहरूले यस कठिन मार्गलाई पनि समतल मार्ग बनाई (सजिलैसँग) हिंड्ने गर्छन्।

## [७. पञ्चालचण्ड सुत्त (२.१.७) स्मृति लाभबाट धर्मको साक्षात्कार]

अलग्ग एक स्थानमा उभिरहेका पञ्चालचण्ड देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे–

ध्यान प्राप्त ज्ञानी, निरहङ्कार, श्रेष्ठ, मुनिले जस्तै बाधापूर्ण स्थितिमा पनि आफूले प्राप्त गर्नुपर्ने मुक्ति स्थान प्राप्त गरेको हुन्छ।

भगवान् बुद्ध– हे पञ्चालचण्ड !

जसले जीवनमा राम्ररी स्मृति राख्ने गर्छ, उसले राम्ररी समाहित भएर निर्वाण (मुक्ति अवस्था) प्राप्त गर्नको लागि धर्मलाई साक्षात्कार गर्दछ।

■



Downloaded from http://www.dhamma.digital

# त्रिपिटक : एक चिनारी-१

✍ अमिता धाख्वा "परियत्ति सद्धम्म कोविद"

भगवान् बुद्धले बहुजन हित र सुखको लागि बुद्धत्व प्राप्त गर्नुभएदेखि महापरिनिर्वाण नहुञ्जेल ४५ वर्षसम्म दिनुभएको उपदेशहरूको संग्रह पालि त्रिपिटकमा भएको देखिन्छ । सद्धर्म चिरस्थायी गर्नको निमित्त उहिलेका बुद्धकालीन आचार्यहरू देखि अहिलेसम्मका आचार्यहरूले धर्म वाणीको सुव्यवस्थित रूपमा सही रूपले स्वभाविक, मौलिक ग्रन्थहरूमा मूल एवं प्रमाणिक बुद्धवचनहरू सुरक्षित छन् । बुद्धवचन सुत्तपिटक विनयपिटक र अभिधम्मपिटक तीन भागमा विभाजित गरिएकोले नै 'त्रिपिटक' भनिएको हो । पिटक भनेको टोकरी (डालो) या धर्म साहित्य हो । बुद्धशासनमा परियत्ति, पटिपत्ति र पटिवेध तीन भागमध्ये त्रिपिटक भनेको परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको (अध्ययन अध्यापन तथा) सैद्धान्तिक पक्ष हो भने पटिपत्ति भनेको व्यावहारिक तथा प्रयोगात्मक पक्ष हो । अनि प्रटिवेध भनेको शुद्धधर्मको अभ्यासबाट प्राप्त हुने मार्ग, फल र निर्वाण हो । परियत्ति शासन रहेन भन्ने पटिपत्ति शासन रहन्दैन । त्यस्तै पटिपत्ति शासन रहेन भने पटिवेध शासन रहन्दैन । त्यसकारण बुद्धशासनको महत्वपूर्ण आधारशीला भएको परियत्ति अर्थात् बुद्धवचन शुद्ध रूपमा सुरक्षित राख्नको लागि अहिलेसम्म जम्मा छवटा संगायन भइसकेका छन् । यस सम्बन्धी केही उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

**ऐतिहासिक पृष्ठभूमि :**

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको लगतै तीन महिना पछि ४८३ ईसा पूर्व मगधका राजा अजातशत्रु (४९१-४५९ इ.पु.) को संरक्षणमा भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा पाँचसय अर्हत् भिक्षुहरूको समागममा राजगृहको सप्तपर्णि गुफामा ७ महिना लगाएर सम्पूर्ण बुद्धवचन-धर्म र विनयको संग्रह प्रथम संगायनमा गरिएको थियो ।

प्रथम संगायनको एकसय वर्षपछि वैशालीमा राजा कालाशोकको संरक्षणमा रेवत महास्थविरको नेतृत्वमा ७०० जना अर्हत् भिक्षुहरूको समागम भई विनय विपरीत उठेका विवाद समाधान गर्नको निम्ति आठ महिना लगाएर दोस्रो संगायन सम्पन्न गरियो ।

त्यसपछि सम्राट अशोकको पालामा अर्थात् भगवान् बुद्धको निर्वाण भएको २३६ वर्षपछि ईसा पूर्व २४८-७ मा मौगल्लिपुत्त तिस्स महास्थविरको नेतृत्वमा एक हजार भिक्षुहरूको समागमा नौ महिना लगाएर तेस्रो संगायन गरिएको थियो । यस संगायनमा मिथ्यामतको खण्डन गरी शुद्ध धर्मको स्वरूप संग्रह भएको कथावत्थुलाई अभिधम्मपिटक अन्तर्गत राखियो । त्यसबेला सम्ममा १८ वटा निकायमा विभक्त भएको मत भिन्नतालाई निराकरण गरी समीकरण गर्ने प्रयास भएको थियो ।

त्यस्तै भगवान् बुद्धको महापरिनिर्वाण भएको ४५४ वर्ष हुँदा अर्थात् २९ ईसा पूर्व लंकाद्वीपका राजा वट्टगामिनीको शासनकालमा पाँचसय जना अर्हत् भिक्षुहरूको समागममा चतुर्थ संगायन भएको थियो । यसभन्दा अघि सर्वप्रथम त्रिपिटक तालपत्रमा लिपिवद्ध गरिएको थियो । गुरु-शिष्य परम्परा अनुसार त्रिपिटक कण्ठस्थ गरी रक्षा गर्ने गर्दथ्यो । श्रीलंकामा दुर्भिक्ष हुँदा भिक्षान्नको अभावले गर्दा आचार्यहरूले बालुवाको थैली पेटमा राखेर भोक मेटाई शिष्यहरूलाई आवृति गराई त्रिपिटक रक्षा गरेको देखेर दीर्घकालसम्म संरक्षण गर्नको निमित्त त्रिपिटक लिपिबद्ध गरियो । यो संगायन पुस्तिकारोपन संगीति नामले प्रसिद्ध भयो ।

त्यसपछि बु.सं. २४१५ अर्थात् इस्वी सन् १८७१ मा बर्माको मण्डले शहरमा राजा मिंडोमिंको संरक्षणमा २४०० स्थविरहरू भेला भई भद्दन्त जागर महास्थविरको सभापतित्वमा पञ्चम संगायन सम्पन्न भयो । सोही बेला त्रिपिटक शिलापत्रमा अंकित गरियो । यसैले उक्त संगायनलाई शिलाक्षरारोपन संगीति भनियो ।



Downloaded from http://www.dhamma.digital

बुद्ध सम्बत् २५०० मा अर्थात् सन् १९५६ मा बर्माको रंगूनस्थित कम्भाएको महापाषण गुफामा रेवत महास्थविरको सभापतित्वमा २५०० भिक्षुहरूको समागममा छट्ठम संगायन सम्पन्न भएको थियो । यसै संगायनमा नेत्तिप्पकरण, पतकोपदेस र मिलिन्द-प्रश्नलाई त्रिपिटकमा समावेश गरियो । यसै संगायनलाई आधार मानेर नालन्दा विश्वविद्यालयद्वारा देवनागरी लिपिमा पूरै त्रिपिटक ग्रन्थ प्रकाशित गरियो । यस अघिसम्म बुद्धधर्म अध्ययन गर्न श्रीलंका, बर्मा, थाईलैण्ड आदि मुलुकमा गई त्यहाँको लिपि र भाषा सिक्नु परेको थियो ।

परन्तु पालि त्रिपिटक ग्रन्थ नेपालमा पनि पहिले थियो भन्ने कुरा ओस्कर भि.हेनुवरको 'The Oldest Pali Manuscript' (four folios of the Vinaya Pitaka from the National Achives, Kathmandu) भन्ने पुस्तक सन् १९९१ मा पश्चिमी देशबाट प्रकाशित भएपछि स्पष्ट भयो ।

नेपालको राष्ट्रिय अभिलेखालयमा थन्किराखेको पाण्डुलिपिको थुम्काबाट विनयपिटकको चार पाना पाण्डुलिपि भेटाइएको थियो जुन अहिलेसम्म भेटिएको पालि पाण्डुलिपिमध्ये सबभन्दा पुरानो हो । यो बौद्धिक जगतको लागि आश्चर्य र दिलचस्पीपूर्ण कुरा भयो ।

नेपालमा पहिलेदेखि पालि त्रिपिटक भए तापनि बीचमा गर्भभित्र समाधिष्ठ भएको थियो भने पछि नेपालमा स्थविरवादको पुर्नस्थापना पछि पालि साहित्य फैलिंदै आयो । स्व. धर्मादित्य धर्माचार्यद्वारा सम्पादित बुद्धधर्म र नेपालभाषा पत्रिकामा पालि भाषामा धम्म-चक्कपब्बतनसुत्तको प्रकाशन भयो र बुद्ध संबत् २४८२ मा संघमहानायक प्रज्ञानन्द महास्थविरद्वारा नेपालभाषामा अर्थ सहितको पालि परित्तसुत्त प्रकाशन गरियो । यसै क्रममा आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा त्रिपिटकको आधारमा बुद्धकालीन ग्रन्थमाला नेपालीमा प्रकाशित भयो । यस्तै नेपालमा सर्वप्रथम दुण्डबहादुर वज्राचार्यद्वारा त्रिपिटकको मूल ग्रन्थ दीघनिकाय, मज्झिम-निकाय, संयुत्तनिकाय, इतिवुत्तक र मिलिन्द-प्रश्नका नेपाल भाषा अनुवादहरू प्रकाशन भयो । त्यस्तै सुत्तपिटकका बाकी ग्रन्थहरूको अनुवाद अरु विद्वानहरूको समूहबाट हुँदैछ जुन सन् २००० सम्ममा पूरा हुने आशा गर्न सकिन्छ ।

हालै मात्र पालि त्रिपिटक सुरक्षित गर्न थाईलैण्डको बुद्धमण्डप विहारमा सम्पूर्ण त्रिपिटक सेतो मार्वलमा कुँडेर १९९९ जनवरी १८, मा संघराजा र थाई युवराजका समुस्थितिमा भव्य समारोहका बीच प्रतिष्ठापन गरियो । यसरी त्रिपिटक शुद्ध र स्वच्छ रूपमा अहिलेसम्म भइआएको हामीहरूको लागि सौभाग्यको कुरो हो ।

त्रिपिटक विभाजन :-

त्रिपिटकलाई सुत्त, विनय र अभिधम्ममा विभाजन गरिएको छ -

**त्रिपिटक**

- **सुत्तपिटक**
  - १. दीघनिकाय*
  - २. मज्झिमनिकाय*
  - ३. संयुत्तनिकाय*
  - ४. अङ्गुत्तरनिकाय
  - ५. खुद्दकनिकाय*
    - १. खुद्दकपाठ, २. धम्मपद, ३. उदान
    - ४. इतिवुत्तक*, ५. सुत्तनिपात, ६. विमानवत्थु
    - ७. पेतवत्थु, ८. थेरगाथा, ९. थेरीगाथा, १०. जातक
    - ११. निद्देस (क) महानिद्देस (ख) चुल्लनिद्देस
    - १२. पटिसम्भिदामग्ग, १३. अपदान, १४. बुद्धवंस
    - १५. चरियापिटक
- **विनयपिटक**
  - १. पाराजिकापालि
  - २. पाचित्तियपालि
  - ३. महावग्गपालि
  - ४. चुल्लवग्गपालि
  - ५. परिवारपालि
- **अभिधम्मपिटक**
  - १. धम्मसङ्गणिपालि
  - २. विभङ्गपालि
  - ३. धातुकथापालि
  - ४. पुग्गलपञ्ञत्ति
  - ५. कथावत्थुपालि
  - ६. यमकपालि
  - ७. पट्ठानपालि

---

* अनुवादक दुण्डबहादुरद्वारा नेपालभाषामा प्रकाशित ग्रन्थहरू ।

* म्यानमार (बर्मा) मा भएको छैठौं संगायनमा १. नेत्ति, २. पेटकोपदेश र ३. मिलिन्द-प्रश्न - यी तीन ग्रन्थहरूलाई खुद्दकनिकायअन्तर्गत समावेश गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

परिचय :

## सुत्तपिटक

त्रिपिटकमा संगृहीत बुद्धवचनलाई बुद्धकालमा धर्म र विनय भनिन्थ्यो । भगवान् बुद्धले जुन सुत्त र अभिधम्मको उपदेश दिनुभएको छ त्यसलाई धर्म भनिन्छ भने विनयसम्बन्धी उपदेशलाई विनय भनिन्छ । यसरी सुत्त, विनय र अभिधम्म पिटकमध्ये भगवान् बुद्धले सर्वसाधारणले बुझ्ने गरी व्यवहारिक रूपले देशना गर्नु भएको उपदेश सुत्तपिटकमा संगृहीत छ । सुत्तपिटक अन्तर्गत पाँचवटा निकायहरू माथिको तालिकामा देखाइएका छन् ।

**१. दीघनिकाय**

सुत्तपिटकको पहिलो निकाय दीघनिकायमा चौंतीसवटा लामालामा सूत्रहरू संगृहीत छन् । यी सूत्रहरू तीन वर्गमा विभाजित छन् । ती हुन् १. शीलस्कन्ध-वर्ग-जसमा १३ वटा सूत्र २. महावर्ग-जसमा १० वटा सूत्र र ३. पाथिक-वर्ग-११ वटा सूत्रहरू छन् ।

उदाहरणको लागि शीलस्कन्ध-वर्गको पहिलो सूत्र ब्रह्मजाल-सुत्तमा बुद्धकालीन ६२ प्रकारका विभिन्न दृष्टिजाल तथा धर्मजालबारे विस्तृत विवरण छ । महासीहनाद-सुत्त र उदुम्बरिक-सुत्तले मिथ्या तपस्यालाई दर्शाएको छ । कूटदन्त-सुत्तले यज्ञमा पशुबलि दिनुको निरर्थकता दर्शाउँछ भने केवट्ट-सुत्तले चमत्कार प्रदर्शनको निःसारता देखाउँछ । त्यस्तै जालिय-सुत्त र पोट्ठपाद-सुत्तमा आत्मवादको समीक्षा गरिनाको साथै निर्वाण मार्गका लागि निसार भएको कुरो उल्लेख छ । मानिसको श्रेष्ठता आचरणमा निर्भर रहने तथ्य एवं जन्मजात जातिवादको आलोचनालाई अम्बट्ठ-सुत्त, सोणदण्ड-सुत्तले छर्लङ्ग पारेका छन् ।

महा-वर्गको पहापदान-सुत्तमा शाक्यमुनि बुद्धभन्दा अधिका पाँचजना बुद्धहरूको वर्णन छन् भने महानिदान-सुत्तमा प्रतीत्यसमुत्पादको विश्लेषण गरिएको छ । त्यस्तै अर्को सूत्र महापरिनिब्बाण-सुत्तमा बुद्धको अन्तिम यात्राबारे सजीव, सरस र करुण वर्णन छ । यसै गरी सतिपट्ठान-सुत्तमा चार प्रकारका सतिपट्ठान ध्यान सम्बन्धी उपदेशहरू छन् । पायासिराजञ्ञ-सुत्तमा परलोकदिग्दर्शनसम्बन्धी वर्णन छ ।

पाथिक-वर्गको लक्खण-सुत्तमा ३२ प्रकारका बत्तीस महापुरुष लक्षण सम्बन्धी वर्णन पाइन्छ । सिंगाल-सुत्तमा गृहीविनय-सम्बन्धी उपदेशहरू संगृहीत छन् ।

दीघनिकाय बुद्धकालीन भूगोल र इतिहास, समाज र संस्कार, धर्म र दर्शनको संश्लेषणात्मक र विश्लेषणात्मक अध्ययन गर्न, शील, समाधि प्रज्ञा अवबोध गर्न, निर्वाण साक्षात्कार गर्नको निमित्त अमूल्य ग्रन्थरत्न हो ।

**२. मज्झिमनिकाय**

मज्झिमनिकाय दीघनिकायभन्दा छोटो र खुद्दकनिकायभन्दा लामो अर्थात् मध्यम खालका १५२ सूत्रहरूको संग्रह हो । ती सूत्रहरू मूल पण्णासक, मज्झिम पण्णासक र उपरिपण्णासक गरी तीन खण्ड १५ वर्गमा विभाजित छन् ।

मज्झिमनिकायमा भगवान् बुद्धको जन्म, महाभिनिष्क्रमण, तपस्या, बुद्धत्व प्राप्ति, धर्मचक्र प्रवर्तनका मूल प्रमाणिक स्रोतहरू छन् । यसमा झ्वाट्ट बुझ्न गाह्रो अनात्मवाद र अनाशक्तिवाद, चित्तमल नाश गर्ने संवरका उपदेश, धर्मको अंश दायद लिने अर्ती, शीलपालनबाट आफू पतन नभएमात्र अरुलाई उत्थान गर्न सक्ने यथार्थता, चार स्मृतिप्रस्थानको प्रत्यवेक्षणको महत्व, असत्यवादी श्रमणत्व घोप्टिएको रित्तो पानीको भाँडोजस्तो स्थिति, भूत र भविष्यभन्दा महत्वपूर्ण स्थिति वर्तमान हो भन्ने उपदेशहरू छन् । साथै यसमा आर्यसत्य, अष्टाङ्गमार्ग, ध्यान र निर्वाण विषयको स्पष्ट व्याख्या भेटिन्छ ।

विद्वानहरूको भनाईअनुसार सारा त्रिपिटक र बौद्ध साहित्य नष्ट भएर गए पनि केवल मज्झिमनिकाय एउटालाई बचाउन सकेमा पनि यी ग्रन्थको सहायताबाट बुद्धको व्यक्तित्व, वहाँको दर्शन र अन्य शिक्षाको तत्वलाई बुझ्न गाह्रो हुँदैन ।

■



Downloaded from http://www.dhamma.digital

# मानिसहरू कतिसम्म विश्वासघाती हुन्छन् ?

✍ भिक्षु अश्वघोष

गौतम बुद्धले भन्नुभएको छ मानिसहरू चार कारणले पाप कर्म अर्थात् नराम्रो काम गर्छन् । ती हुन् १. इच्छा र लोभ, २. द्वेष र क्रोध, ३. भय र ४. मोह आशक्ति तथा अज्ञानता ।

इच्छा, लोभ र पक्षपात

इच्छामा पक्षपातको कुरो पनि आउँछ । जस्तो कि यो मेरो घनिष्ठ साथी हो । यो हाम्रो नातेदार हो । यसले मलाई घूस दिएछ भनी पक्षपात गरी प्रमादबश अपराधीलाई निर्दोष र निर्दोषीलाई अपराधी बनाउने काम हुन्छ । पदोउन्नति गर्नुपर्नेलाई थमौती तथा सरुवा गर्ने आदि अनुचित ढंगले अशोभनीय पाप कर्म गर्ने गर्छन् इच्छाको बशमा परेर । यस्ता अनुचित पाप कर्म गर्नेलाई पापी र लोभी मानिस भनिन्छ ।

राग र लोभको बशमा परेर कस्तो खालको पाप गर्दछन् भन्ने कुरा बुझाउनको लागि एउटा बुद्धकालीन घटना प्रस्तुत गर्दछु ।

एकजना शान्त स्वभावका भिक्षुलाई मानिसहरूले एउटा राम्रो विहार बनाइदिएका थिए । विहार दक्षिण मोहरा भएको र देख्दा एकदम आकर्षक परेको रहेछ । एक दुई वर्षपछि अर्को एक जना पाहुना भिक्षु घुम्दै त्यहाँ आइपुगेछ । दुई तीन दिन पाहुनाको रूपमा त्यहीं बसेछ । आगन्तुक (पाहुना) भिक्षुलाई पाँच-५ दिनसम्म बस्न दिनुपर्ने नियम रहेछ । सधैं बस्न दिनुपर्छ भन्ने नियम त्यहाँ रहेनछ ।

त्यो आगन्तुक भिक्षुलाई त्यो विहार र त्यहाँको लोभलाग्दो वातावरणदेखि लोभ लागेछ । अनि उसले सोच्न थालेछ- त्यस विहारमा बसिरहेको भिक्षुलाई जसरी भए पनि षड्यन्त्र गरी विहारबाट धपाइदिन्छु र आफू त्यहाँ जमेर बस्छु । पाहुना भिक्षुले राम्रो बोलीले आवासीय भिक्षुलाई सोधेछ आयुष्मान, तपाईंले भगवान् बुद्धको दर्शन पाउनु भो ?

आवासीय भिक्षुले भने - बुद्धको दर्शन पाएको छैन । इच्छा त छ । मौका पाएको छैन । यहाँ अरू कोही छैन । आगन्तुक भिक्षुले भन्यो- धिक्कार छ तपाईंको जीवन । भिक्षु भएर पनि बुद्धको दर्शन नगरी यस्तो सुन्दर विहारमा आराम गर्दै बस्ने ? तपाईंले उहाँ तथागत शास्ताको मुख एकचोटी देख्नासाथै तपाईको पाप जम्मै नाश हुन्छ ।

आवासीय भिक्षु त एकदम सोझो र छक्का पञ्जाको कुटनीतिक भाषा नबुझ्नेखालको रहेछ । पाहुना भिक्षुले राम्रो कुरा भनेको हो भन्ने उसले ठान्यो । पाहुनाको नियत उसले बुझेन र उनी भगवान् बुद्ध कहाँ जाने तयारीका साथ पाहुना भिक्षुसँगै गाउँमा गइ दाता उपासकहरूलाई पाहुना भिक्षुको परिचय दिए । भोजनको व्यवस्था मिलाएर र आफू केही दिनको लागि बुद्धकहाँ जान्छु भनी पाहुनालाई विहार जिम्मा लगाएर गए ।

पाहुना भिक्षु त आफ्नो षड्यन्त्र सफल भएकोले खुब खुशी भयो । उसले विचार गऱ्यो, अब त मेरो इच्छा पूरा भयो । अब दाताहरू आफ्नो पक्षमा लिनुपऱ्यो भनी उसले कुमन्त्र गर्न थाल्यो । यसरी विचार गरिकन सिधै दाताहरूको घरघरमा गएर उसले भन्न थाल्यो- उपासक उपासिकाहरू, यहाँ बसिरहेको भिक्षुलाई राम्रोसँग चिन्नुहुन्छ ? उत्तर आयो चिन्छौं । फेरि पाहुना भिक्षुले भन्यो- म दुई तीन दिन सँगै बसेर थाहा पाएँ, त्यो भिक्षुको चरित्र नराम्रो छ । एकदम भ्रष्ट छ । उनीहरूले भने- खोइ हामीले त थाहा पाएनौं । फेरि लोभी दुष्ट भिक्षुले भन्यो तपाईहरूले पहेंलो बस्त्र लगाएको भनेर श्रद्धाले मान्नुहुन्छ ? चरित्र नराम्रो रहेछ । त्यस्ता भिक्षुलाई दान दिए पाप लाग्छ । मानिसहरूमा विवेक बुद्धि कम हुन्छ । यथार्थ कुरा बुझिलिने शक्ति छैन । त्यो पाहुना भिक्षु ढोंगी भनेर कहाँ थाहा पाउने ? सम्यक् दृष्टि नभएकोले दाताहरूले पुरानो भिक्षुप्रति श्रद्धा नगरी कालो मति भएको भिक्षुदेखि प्रभावित भए ।

भगवान् बुद्धको दर्शन गरेर फर्केर आएको भिक्षुमाथि बज्रपात भयो । आवासीय भिक्षुलाई पाहुना भिक्षुले भन्यो- यो विहारमा अब तपाईको अधिकार छैन । उपासकहरूले मलाई दान दिनु भयो । अब यहाँ बस्न पाइँदैन, अन्तै जानुस् । आवासीय भिक्षु त अचम्म मानेर सोच्न थाल्यो यो संसार त गजब रहेछ । कसलाई विश्वास गर्ने ? कस्तो लोभ र तृष्णा । पहेंलो बस्त्रधारी भिक्षुमा पनि कस्तो मायाजाल । यो भयो बुद्धकालीन घटना ।



Downloaded from http://www.dhamma.digital

अब हाम्रै नेपालमा इच्छाको बशमा परेर गरेको पापकर्मतिर लागौं । यो २०३३ चैत मसान्तमा विराटनगरमा घटेको र गोरखापत्रमा छापिएको घटना हो।

विराटनगरका एउटा सरकारी कार्यालयमा जागिर खाँदै गरेका दुईजनामध्ये एक जना टाढाबाट खटेर आएको रहेछ । त्यो मान्छेले कार्यालयका अर्को मान्छेसँग मित्रता बढायो । टाढादेखि आएको कर्मचारीलाई कोठा बहाल लिएर भात पकाएर खान कठिन परेको रहेछ । उसले आफ्नो दु:खको कुरा विराटनगरबासी समक्ष पोख्यो । विराटनगरबासी कर्मचारीलाई नवागत साथीको कुरा सुनी माया लागेर आएछ । उसले भनेछ मेरो घरैमा बसेर मसँगै खाना खाए हुन्न ? नेवारीमा एउटा उखान छ- अग:चा मालां देगचा लुथें जुल भने जस्तै नवागत साथीलाई भयो । उसले हुँदैन भन्ने कुरै भएन । यस्तै कुरा साथीबाट सुन्ने आशामा उ थियो । परदेशी मान्छे साथीको घरमा डेरा सारेर बस्न थाल्यो । एक दुई वर्षपछि विराटनगरका कर्मचारीलाई अन्तै कार्यालयमा सरुवा गरियो ।

त्यो विराटनगरबासी कर्मचारीले नवागत साथीलाई घरको सवै रेखदेख गरी बस्नुहोला भनी अर्कै जिल्लामा गयो । एक दुई वर्षपछि बिदा लिएर घरमा फर्केर आयो । उसलाई स्वास्नी र बच्चाहरूको माया लागेर हेर्न आएको थियो । उसलाई अकस्मात स्वास्नीले भनिन्- तिमीलाई यस घरमा बस्ने अधिकार छैन । तिमी मेरो पति रहेनौं ।

लोग्नेले सोध्यो - तिमीलाई के भएको ? म तिम्रो पति होइन भने अरु को त ? स्त्रीले घरमै बसेको साथीलाई देखाएर भनिन् - उहाँ नै मेरो पति हो ।

यो कुरा सुन्नासाथै साह्रै दु:खी भएर उसले भन्न थाल्यो - यो कस्तो अन्याय र अत्याचार । धर्म सम्झेर, विश्वास गरेर साथी सम्झी छोडेर गएको त मेरो स्वास्नीको पोइ पो बन्यो । कस्तो विश्वासघात । आफ्नो स्वास्नीलाई भन्यो- अबदेखि तिमी मेरो स्वास्नी रहेनौ । मैले मेरो घरखेत तिम्रो नाउमा लेखेर दिएको तमसुक कागज देउ । बाल बच्चाहरू छोडिकन तिम्रो प्रेमीसँगै जाउ ।

स्त्रीले भनिन्- यो घर मेरो बुबाले दाइजो दिएर पठाएको हो । यी बालकहरू पनि तिम्रोतर्फबाट जन्मेका होइनन् ।

लोग्नेले सोध्यो- यो तिम्रो बाउको दाइजो भन्नलाई के प्रमाण छ ? देखाउ ?

स्त्रीले त लोग्नेले लेखेर दिएको कागजलाई आमा बुबाले दाइजोको रुपमा दिएको भनी पास गरेको तमसुक कागज पो देखाइन् । मानिसले लोभको बशमा परेर कतिसम्म पाप गर्न सक्छ भन्ने कुराको यो एउटा उदाहरण हो । ■

## स्वर्गलाई जलाइदिन्छु नर्कलाई डुबाइदिन्छु:

**यस संसारमा आजपर्यन्त सन्तत्व अथवा बुद्धत्व प्राप्त गर्ने स्त्रीहरूमा भक्त शिरोमणि मीरा जस्तै परम अद्‌भूत स्त्री सन्त थिइन्, राबिया !**

**एकदिन उनको अर्थात् राबियाको गाउँका मानिसहरूले सुस्पष्ट देखे कि राबियाले एक हात (दायाँ हात) मा आगोको मशाल बोकेकी छिन् भने अर्को हात (बायाँ हात) मा पानीले भरिएको घडा लिएकी छिन् । तिनी गाउँको मध्य-मार्गबाट दगुरेर हिंडिन् मानौं कि तिनलाई कहीं पुग्न अत्यन्त हतार भएको छ ।**

**छरछिमेकका गाउँका मानिसहरू- परिचितजनहरूले तिनीलाई बाटोमै रोकेर सोधे, "यो के बहुलट्टीपना हो राबिया ? यो दायाँ हातमा आगोको मशाल किन बोकेकी छ्यौ र यो बायाँ हातमा पानीले भरिएको घडा के को लागि लिएकी छ्यौ ?"**

**"म स्वर्गलाई जलाइदिन र नर्कलाई डुबाइदिन चाहन्छु ताकि साँचो धर्ममा उत्सुकता राख्ने व्यक्तिहरू स्वर्ग-नर्कको हिसाब नगरून्, त्यसको कुनै सोचविचार नगरून् ।" ती परम अद्‌भूत स्त्री सन्त राबियाले प्रशान्त भाव, सुमधुर वाणीमा भनिन्, "यदि साँचो धर्ममा आस्था, निष्ठा राख्न चाहने मानिसहरू स्वर्ग, नर्कको लालचपूर्ण-भयपूर्ण चिन्तन, मनन पूर्णरूपमा परित्याग गर्दछन् भने मात्र तिनीहरूको वास्तविक धर्म जगत्‌मा प्रवेश हुन सक्तछ ।"**

*प्रस्तुति* -विनीत विप्लव



Downloaded from http://www.dhamma.digital

# न्यनाः थुइकाः सत्यता स्वीकार यायेमा

✍ **सुनिल महर्जन**, बौद्ध युवा कमिति, यल

**असारे सारमतिनो सारे चा सार दस्सिनो,**
**ते सारं नाधि गच्छन्ति मिच्छा संकप्प गोचरा।**

**अर्थः** मखुगुयात खःगु, खःगुयात मखुगु धका मखुथे थुइका काम्हेसित गुबलें भिं जुइमखु।

च्वे उल्लेखित गाथा भगवान बुद्धं संजय परिव्राजकं थःगु दृष्टि बेकोया सत्य खँ थुइकाकाय् मफुगुलीं म्वाःहि ल्हवयाः सीमागुया कारणे कना बिज्याःगु खः।

बुद्धं सत्वप्राणीपिन्त हित, सुख, यायेया निंति दया, करूणा, तया कनाबिज्याःगु दुःखं मुक्त जुइगु लँपुयात, आर्यअष्टाङ्गिक मार्ग धाई अथवा मध्यम मार्ग नं धाई। आचरण याना यंकुसा, अभ्यास यानायंकुलिसे पुलांगु बिसिद्धि पहचह कुसंस्कार नं हटेयाना वनेफत धाःसा दुःखं मुक्त जुइगु उगु च्यागू उच्चस्तरिय मार्गया न्हापांगु त्वाथः खः सम्यकदृष्टि। अर्थात गलत तरिकां बिचा मयासे यथार्थ खँ थुइकाकायेगु। समझदारीपूर्वक ढंगं ज्याखँ यायेगु।

शान्तिमय जीवनया लागी मनुतय् परस्पर सम्भाव व विश्वास दयेमा। पारिवारिक जीवने थवंथःहे समझदारी मदया कलह व कचवं दयावइ। कलाया खँ भातं, भातया खँ कलाः नं थुइकाकाये मफुत धाःसा शंकालु स्वभाव जुया थवंथःहे ल्वापुख्यापु जुया वातावरण हे अशान्ति जुइ। पारिवारिक जीवन झझमझः धाई मखु। पारिवारिक जीवन सुखमय तरिकां वितेयायेत नं सम्यकदृष्टि अर्थात पायछि कथं थुइका काय्गु ज्ञान माः। गलतफहमी जुया यथार्थ खँयात मखुथे थुइका च्वनेगुयात, मिथ्यादृष्टि धाई। ठीक समझदारी मंत धाःसा ठीक तरिकां विचायाये फै मखु। अथे बिचायाये मफुगु, यथार्थ खँ थुइके मफुगु जुया सत्य खँयात सत्य धका स्वीकार मयासे पूर्वाग्रह ढंगं बिचायात धायवं पतन जुइ धैगु खँ थुइकेत बुद्धकालीन व्यक्ति संजयपरिव्राजकया घटना छपु प्रस्तुत याये।

बुद्धकालीन समये मगध देशया राजगृह नगरया लिकसं निगू गाँ दु। छगू गाँया नाँ उपतिस्स खसा मेगु कोलित खः। व गामे उपतिस्स (सारिपुत्र) व कोलित (मौद्‌गल्यायन) धयापिं निम्ह पासापिं दुगु जुयाच्वन। निम्ह निगू गाँयापिं जुयाच्वन। निम्ह ब्राह्मणकुलेयापि जुयाच्वन। छन्हु निम्हेसित गथे गथे संसारिक जीवन खना विरक्त जुल, छयैं च्वने मंमन्त।

छन्हु उपतिस्स व कोलित निम्हं अबलेयाम्ह प्रसिद्ध धार्मिक गुरु संजय परिव्राजकया शिष्य जूवन। संजय परिव्राजकं स्यूगु सम्पूर्ण ज्ञान स्यनाविलं नं इपिं सन्तुष्ट जुइ मफुत। थपिसं आशा यानाथें शिक्षा इमित प्राप्त मजुल। थपिंसं इच्छा यानातयागु ज्ञान मेथाय् दैला धका निम्हं निथाय् वन। छन्हु उपतिस्सं (सारिपुत्र) शान्त ख्वावोम्ह स्वयबले साब यइपुसे च्वंम्ह भिक्षु छम्ह खन। भिक्षुयागु पहचह खनेवं श्रद्धा उत्पन्न जुया वयाके पक्कानं विशेष ज्ञान दु जुइमा धका बिचायात। बिचा यानाली भिक्षुनाप छलफल याना स्वबले वस्पोल बुद्धया शिष्य धका सिकाली बुद्धया अमृतमय वचन न्यना साब मन याउँसे च्वन। बुलु मजूगु निर्मलगु धर्मचक्षु लाभ जुल। अर्थात स्रोतापन्न फलय् प्रतिस्थित जुल। भिक्षुपाखें सयेकागु ज्ञान वया पासा कोलितयात कनाली वनं स्रोतापन्न जुल, धर्म थूम्ह जुल। थपिन्त अनुभव जूगु बडो अनौठया अनुभूति मेपि पासापिन्त नं कनेत निम्हं थः गुरुयाथाय् थपिन्त अनुभव जूगु बडो अनौठया खँ कंवन। थपिं बुद्धयाथाय् वना प्रव्रजित जुइगु बिचा प्वंकाली सकल पासापिंनाप गुरु संजययात नं प्रव्रजित जुइत इनाप यात। थ्व खँ न्यना गुरुया साव तँपिहाँवल। अले धाल जि अज्याम्ह श्रमणयाथाय् सीमासां वनेमखु। वयागु ज्ञान जितः माःगु मदु। व सिबें जि अपो मुलि सः गुलि स्यूम्ह खः। थ शिष्यपिन्त नं मवनेत यक्को सन। तर असफल जुल। असफल जुसेंली सहयाय् मफया म्वाती हि ल्ह्वया सित।

थुगु घटनां छु सिई दु धाःसा गुगु शिक्षां थःगु जीवन तालेलाकी, जीवन सुधार याना यंकी, आचरण बांलाकल धाःसा शान्तिमय व सुखमय जीवन जुइ। अजागु शिक्षायात न्यना, बिचार याना व्यवहारे छ्यलेगु कुतः यायेमा। चाहे व शत्रुं ब्यूगु शिक्षा छाय् मजुइमा। अथे बांलागु खँ स्वीकार मयासे पूर्वाग्रह ढंगं बिचा याना कट्टरवादी जुइम्ह व्यक्ति अवश्य पतन जुइ धैगु खँ उल्लेखित घटनात्मक घटनां सीकेफु।

थुगु दृष्टि बेकोगु, ज्याखँ बांमलागु धका वाचाय्का महसुस याना थःतथःम्हं सुधार यायेगु पाखे वन धाःसा पक्का नं जीवन सुथांलाके फइ अले जीवन झझमझः धाई। सम्यकदृष्टि मदेयका थःगु गल्तीयात नं महसुस मयासे कतपिन्सं यागु भिंगु खँनं मन्यंसे, स्वीकार मयासे मिथ्यादृष्टि जुया कट्टरवादी जुल धायवं साम्प्रदायिक गन्ध वई धका स्वयं भगवान बुद्धं नं आज्ञा दयेका बिज्याःगु दु। अथे जुया थःगु विवेकबुद्धियात सहि ढंगं छ्यला मिथ्यादृष्टि मजुसे सम्यकदृष्टि जुया ज्याखँ न्ह्याकेमा। अलेतिनि ज्याखँ बाँलाई, हिसि दै। ■



Downloaded from http://www.dhamma.digital

# नेपाःया बौद्ध साहित्यय् धम्मवती गुरुमांया न्ह्यानाच्वंगु पलाः - २

✍ प्रेमहीरा तुलाधर

धम्मवती गुरुमानं च्वया बिज्यागु सम्पादन याना बिज्यागु व अनुवाद याना बिज्यागु प्रकाशित सफूत :-

| सफूया नां | प्रकाशन मिति |
|---|---|
| १. बुद्धया फिंनिगू विपाक | २०२५ |
| २. अभिधर्म- भाग १ (सं.अनु.) | २०२५ |
| ३. ऋद्धि प्रातिहार्य | " |
| ४. पञ्चनीवरण | २०२८ |
| ५. भावना | " |
| ६. एकताया ताःचा | " |
| ७. प्रेमं छु जुइ | " |
| ८. त्रिरत्न गुण स्मरण | " |
| ९. बुद्धपूजा विधि (सं.) प्र.सं. | " |
| १०. कर्तब्य | २०२९ |
| ११. मिखा प्र.सं. | " |
| १२. परित्राण (सं.) | " |
| १३. बुद्धया अन्तिम यात्रा-भाग १ | २०३० |
| १४. बुद्धया अन्तिम यात्रा-भाग २ | " |
| १५. कर्म | " |
| १६. शाक्यमुनि बुद्ध | २०३१ |
| १७. मत्ति भिंसा गति भिनी | " |
| १८. लक्ष्मी द्यो | २०३२ |
| १९. अभिधर्म, भाग-२ (सं.अनु.) | २०३३ |
| २०. प्रार्थना संग्रह (सं.) | २०३४ |
| २१. प्रौढ बौद्ध कक्षा (सं.अनु.) | " |
| २२. उखानया बाखं पुचः | २०३४ |
| २३. अभिधर्म (चित्त काण्ड छगूया संक्षिप्त परिचय) | |
| २४. महाजनक जातक (अनु.) | २०३६ |
| २५. त्रिरत्न वन्दना व सूत्र पुचः | २०३७ |
| २६. बुद्धधर्म | २०३९ |
| २७. जातक बाखं (सं.अनु.) | " |
| २८. मिखा, द्वि.सं. | " |
| २९. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके | २०४० |
| ३०. भिंम्ह काय् व म्ह्याय् | २०४१ |
| ३१. बुद्धपूजा विधि (सं.अनु.) द्वि.सं. | २०४२ |
| ३२. स्वास्थ्य लाभ | २०४३ |
| ३३. सतिपट्ठान भावना (अनु.) | २०४३ |
| ३४. धम्मचक्कप्पवतन, सुत्त (सं.) | २०४४ |
| ३५. अभिधर्म, भाग-२ (सं.अनु). द्वि.सं. | २०४६ |
| ३६. त्रिरत्न वन्दना व सूत्र पुचः | २०४६ |
| ३७. विशेष बौद्ध (अनु.) | २०४६ |
| ३८. संसारया स्वापू | २०४७ |
| ३९. त्रिरत्न वन्दना व परित्राण | २०४८ |
| ४०. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके, द्वि.सं. | २०४९ |
| ४१. न्हूगु त्रिरत्न वन्दना व धम्मपद (सं.) | २०४९ |
| ४२. मनूतय्गु पहः | २०५० |
| ४३. कर्तव्य, द्वि.सं | २०५० |
| ४४. विशेष म्हं मफै बले पाठ यायगु परित्राण (सं.) | २०५१ |
| ४५. त्रिरत्न वन्दना व परित्राण | २०५१ |
| ४६. धम्मचक्क प्पवत्तन सुत्त, द्वि.सं. | २०५२ |
| ४७. पट्ठान पालि | २०५२ |
| ४८. संक्षिप्त बुद्ध वंश, भाग-१ | २०५४ |
| ४९. संक्षिप्त बुद्ध वंश, भाग-२ | २०५४ |
| ५०. अभिधर्म, भाग-२ (सं.अनु.), द्वि.सं. | २०५५ |
| ५१. अभिधर्म पालि | २०५६ |

थथे हे धम्मवती गुरुमां नं च्वया बिज्यागु सफू नेपाली भाषां अनुवाद जुया पिदंगु सफू थुकथं दु ।

| | |
|---|---|
| १. बौद्ध प्रश्नोत्तर-अनु. दिल्ली कमल तुलाधर | २०३० |
| २. लक्ष्मी अनु. चक्रमान शाक्य | २०३६ |
| ३. उखानको कथा संग्रह अनु. प्रकाश वज्राचार्य | २०३७ |
| ४. प्रज्ञा चक्ष अनु. सुशिला मानन्धर | २०४४ |
| ५. बौद्ध प्रश्नोत्तर (द्वि.सं.) अनु. | २०४६ |
| ६. बुद्ध पूजा विधि र कथा संग्रह | २०४६ |
| ७. मति राम्रो भए गति राम्रो हुनेछ | २०४७ |
| ८. मानव स्वभाव अनु. मदन रत्न मानन्धर | २०५० |



Downloaded from http://www.dhamma.digital

९. बुद्धपूजा विधि र कथा संग्रह (द्वि.सं.) २०५०
१०. बुद्धको अन्तिम यात्रा भाग-१ अनु. अ. कमला २०५१
११. लक्ष्मी, (द्वि.सं.) अनु. चक्रमान शाक्य २०५२
१२. बुद्धपूजा विधि र कथा संग्रह (तृ.सं.) २०५२
१३. बुद्धपूजा विधि कथा संग्रह र परित्राण २०५३
१४. बुद्धपूजा विधि र परित्राण २०५४
१५. बुद्धपूजा विधि २०५५
१६. लक्ष्मी (तृ.सं.) २०५६
१७. बुद्धपूजाविधि र कथा संग्रह (सातौं सं.) २०५६
१८. बुद्धपूजा विधि र कथा संग्रह (आठौं सं.) २०५६

थथे हे धम्मवती गुरुमांया सफू प्रकाशनया नापनापं धर्मकीर्ति पत्रिकाया प्रकाशनया ज्याय निरन्तररूपं विशेषं सल्लाहकार जुया मा:गु तक्क सल्लाह सुझाव बिया वया च्वना बिज्यागु दु । थुगु धर्मकीर्ति पत्रिका २०२९ सालं निसें २०३९ साल तक्क दँ पौ जुया ११ दँ या ११ गू धर्मकीर्ति पत्रिका पिदन । थ्वया लिपा २०४० साल निसें निला पौ जुया पिदन । थथे जूसां थ्व दँय जम्मा ५ गू अंक जक पिदंगु दु । अले ने.सं. ११०५, (वि.सं. २०४२) सालं गुरुपुन्ही पूर्णाङ्क १३ निसें थुगु पत्रिका लय् पौ जुया थौं तकं पुन्ही पतिं पिदना च्वंगु दु । थुगु पत्रिका निला पौ जुसांनिसें न्हूगु अंक सुरु जुया लय् पौ जुइ धुंका नं वहे अंक न्ह्यावना च्वंगु दु। नापं २०४९ चैत्रया ल्या: तक पूर्णाङ्क ११० धका बिया त:गु दु । वयां लिपाया ल्या: २०५० बैशाखं निसें वर्ष ११ व अंक १ धका न्हूगु वर्ष व अंक सुरु या:गु दु। थुगु पत्रिकाय् जक मखु मेमेगु पत्रिकाय् नं वसपोलया आपालं ज्ञानवर्धक च्वसुत पिदने धुंकूगु दु । वसपोलया धर्मकीर्ति पत्रिकाय् पिदना च्वंगु च्वसुया धल: क्वय बियाथें दु ।

| | च्वसु | पिदंगु साल | धर्मकीर्तिया | पौल्या: |
|---|---|---|---|---|
| १. | "मिखा" | वि.सं. २०२९ | दँ १ ल्या: १ | ३०-३२ |
| २. | "शान्तिया दूत बुद्ध" | वि.सं. २०३० | दँ २ ल्या: २ | ५-६ |
| ३. | "सम्मा दिट्ठि (सम्यक् दृष्टि) | वि.सं. २०३१ | दँ ३ ल्या: ३ | २७-२९ |
| ४. | "मुक्ति मार्ग गन दु " | वि.सं. २०३२ | दँ ४ ल्या: ४ | २७-२९ |
| ५. | "विबेक बुद्धि" | वि.सं. २०३३ | दँ ५ ल्या: ५ | १७-१८ |
| ६. | "बिषमाय् ल: बी मत्यो" | वि.सं. २०३६ | दँ ८ ल्या: ९ | ३-४ |
| ७. | "त:धं छु ज्वी मत्यो" | वि.सं. २०३७ | दँ ९ ल्या: ९ | १४-१५ |
| ८. | "स्वार्थी बन्नु हुँदैन" | वि.सं. २०३८ | दँ १० ल्या: १० | १२-१३ |
| ९. | "न्याग: मिखा" | वि.सं. २०४० | दँ १ ल्या: ३ | २-४ |
| १०. | "स्वार्थी बन्नु हुँदैन" | वि.सं. २०४१ जेष्ठ | दँ २ ल्या: ६ | २९-३० |
| ११. | "पञ्च कल्याणी" | वि.सं. २०४२ माघ | दँ ३ ल्या: २० | ९-१२ |
| १२. | "पञ्च कल्याणी" | वि.सं. २०४२ फागुन | दँ ३ ल्या: २१ | ११-१४ |
| १३. | "विबेक बुद्धि" | वि.सं. २०४३ जेष्ठ | दँ ४ ल्या: २५ | ३१-३२ |
| १४. | "मुक्ति मार्ग गन दु" | वि.सं. २०४४ कार्तिक | दँ ५ ल्या: ४३ | १४-१७ |
| १५. | "आदर्श नारी" | वि.सं. २०४४ पौष | दँ ५ ल्या: ४५ | २३-२४ |
| १६. | "युवाहरू अग्रसर हुनु पर्‍यो" | वि.सं. २०४६ पौष | दँ ७ ल्या: ६९ | १३-१४ |
| १७. | "धर्मकीर्ति विहार म्हिग: व थौं" | वि.सं. २०४७ बैशाख | दँ ८ ल्या: ७४ | ५७-५८ |
| १८. | "प्यंगू दर्शनीय व संवेदनशील तीर्थस्थल | वि.सं. २०४८ श्रावण | दँ ९ ल्या: ९० | १९ |
| १९. | स्वार्थी बन्नु हुँदैन | वि.सं. २०५१ बैशाख | दँ १२ ल्या: १ | १२-१३ |
| २०. | "विषालु वोटमा पानी दिनु हुन्न" | वि.सं. २०५३ बैशाख | दँ १४ ल्या: १ | २७-२९ |
| २१. | "मुक्तिमार्ग कहाँ छ" | वि.सं. २०५३ मंसीर | दँ १४ ल्या ७ | ९-११ |
| २२. | "धार्मिक परम्परामा महिला" | वि.सं. २०५६ बैशाख | दँ १७ ल्या: १ | ९ |



Downloaded from http://www.dhamma.digital

च्वय् न्ह्यथनागु वसपोलया सफूत गुलिं बुद्धपूजा यायबलेयात छिंक सम्पादन याना पिकया बिज्यागु दु, गुलिं पालि भाषां नेपाल भाषाय् अनुवाद याना पिकया बिज्यागु दुसा गुलिं वसपोलया थःगु हे मौलिक सफूत दु। थथे च्वया बिज्यागु च्वसु सफूत अप्पो याना बुद्ध धर्म सम्बन्धि उपदेशात्मक, ज्ञान वर्धक व बुद्ध धर्मया सिद्धान्त सम्बन्धि दुथ्यागु दु । नापं वसपोलया मौलिक सफूत "लक्ष्मी द्यो" "मतिभिंसा गतिभिनि", सिमा छमा पाउँलं गुँ नापं पाउँइ मखु" "उखानया बाखँ पुचः" आदि नं पिदंगु दु। अले थःगु च्वय्गु क्रमय् वसपोलं उदाहरण बिइ माली बले बुद्धकालीन घटना, जातक बाखं यात न्ह्यब्वय्गु याना बिज्यागु दु। थुकथं हे भ्रीगु जीवन सुथांलाक्क न्ह्याकेत छु गथे यायमाः धैगु ब्यवहारिक ज्ञानया खँ थुइका बीगु नितिं नं वसपोलं ल्हाः न्हयाका बिज्यागु दु।

थुकथं नेपाःया बौद्ध साहित्यय् बांलाक दृष्टि तयबले धम्मवती गुरुमांया तःधंगु योगदान दु धैगु खँ भ्रीसं खंकेफु। वसपोलं बुद्धधर्म सम्बन्धी आपालं च्वसु सफूत २०२५ सालं निसें थौं तकं च्वय्गु व प्रकाशन याय्गु ज्या यानां बिज्याना च्वंगु दु। थुगु ज्याय् वसपोल गबलें हे त्यानु चाया बिज्यागु मदुनि । वसपोलं थःगु मौलिक सफूया नापनापं बौद्ध साहित्यय् दुगु विभिन्न बहुमूल्य खँयात अनुवाद याना, सम्पादन याना थी थी सफूत भ्रीगु न्ह्योने तया बिज्याना च्वंगु दु। थुगु हे सफू प्रकाशनथें ज्याःगु तसकं महत्वपूर्णगु ज्यां याना: बुद्ध धर्म सम्बन्धि आपालं ज्ञानवर्धन खँया नापनापं बौद्ध तालं प्रार्थना याय्गु विधि परित्राण श्लोकत याउँक ब्वने खना च्वंगु दु। थुकथं सफू च्वया प्रकाशन याय्गु ज्यां याना बौद्ध जगतया ब्वमिपिनिगु निम्तिं दयाच्वंगु अभाव पूर्ति जूगु दु। उकिं भ्रीसं धाय्फु वसपोलं थौंतक दिपाः मदयक सफू च्वया पिकया च्वना बिज्यागु छगू तसकं हे च्वछाये बहःगु पलाः खः । वसपोलया थुगु न्ह्यानाच्वंगु पलाः पलाखं याना वसपोलयात नेपाया बौद्ध साहित्यया इतिहासं गबलें लोमंके फैमखु । नापं वसपोल छम्ह नेपाःया बौद्ध साहित्यया इतिहासय् न्ह्याबलें ल्यना च्वनिम्ह अमरम्ह मिसा च्वमि खः ।

थुलि जक मखु वसपोलं नेपालभाषां आपलं हे बौद्ध धर्मया सफू व च्वसु च्वया बिज्यागुलिं नेपाल भाषाया च्वमिपिनि धलखय नं नां जाय् धुंकूम्ह व्यक्तित्व खः । थुकथं बुद्ध धर्म प्रचारया नितिं वा थनया मसःमस्यूपिन्त ज्ञानया खँ थुइकेया नितिं जक च्वय्गु याना बिज्यागु खःसां नं वसपोल छम्ह साहित्यिक व्यक्तित्व जुया बिज्यागु दु ।

थुकथं वसपोलं आपालं सफू, च्वसु च्वया बिज्याना बौद्ध साहित्यया धुकू जाय्केगुया नापनापं धात्थें धाय्माल धाःसा वसपोलं धर्मकीर्ति विहारय् च्वना बिज्याना बुद्धपूजा याय्गु व उपदेश कनेगु याना बिज्यासांनिसें थनयापिं उपासक उपासिकापिनि न्ह्यलं चाःथें जुल । अले बुद्धधर्म थकाय्त फुचाःगु ग्वाहालि याय्माः धैगु सकस्यां नुगलय् थना बुद्धधर्म न्ह्यज्याकेगु ज्याय् चेतना थना बिज्यात । थुकथं नेपालय् बुद्ध धर्म थकाय्गु ज्याय् धम्मवती गुरुमांया तःधंगु हे ल्हाः दु । वसपोलया बुद्धपूजा, उपदेश व हप्ताय् छक्वः बौद्ध अध्ययन गोष्ठी न्ह्याका च्वना बिज्यागुया नापं सफू, च्वसु च्वय्गु, छेँछेँय् वना परित्राण पाठ व बाखँ कनेगु आदि ज्या याना बिज्याना बुद्ध धर्म थकाय्गु नितिं छगू अभियान हे न्ह्याका बिज्यागु दु। नापं वसपोलया ल्यू थौं आपालं अनगारिका गुरुमांपिसं वसपोलं छिना बिज्यागु पलाखय् पलाः तया बुद्धधर्म थकाय्त न्ह्यज्याना बिज्यागु दु। थुकथं बुलुया वना च्वंगु नेपाया बुद्ध धर्मयात च्याकेगु ज्याय् वसपोल धम्मवती गुरुमां नं आपालं तिबः बिया बिज्यागु दु । फलस्वरूप नेपाःया बुद्ध धर्मया क्षेत्र न्हापा स्वया यक्कों उज्वल व तब्या जुजुं वयाच्वंगु दु ।

थुकथं धम्मवती गुरुमां सुनां स्यना कना बिया जक च्वय्गु ज्याय् ल्हाः न्ह्याका बिज्यागु मखसे उकिया लागी थःके हे गाक्क प्रतिभा दुम्ह व्यक्तित्व खः । उकिं छुं इलय् जक च्वय्गु याना दिना बिज्यागु मदु, बरू २०२५ सालं निसें मद्दिक थःके दुगु ज्ञान सफू व च्वसुया रूपय् अभिव्यक्त यानावया च्वना बिज्यागु दु। थज्याम्ह प्रतिभा शाली व्यक्तित्व न्ह्याबलें थुकथं हे च्वय्गु ज्याय् ल्हाः न्ह्याका बिज्याना थौं स्वया अभ्र अप्पो बुद्ध धर्मया विकास याय्गु ज्याय् न्हयज्या वने फय्मा धैगु मनं तुसे वसपोलया ता आयुया कामना याना च्वना। नापं थौं वसपोल प्रव्रजित जुया बिज्यागु ५० दँ क्यंगु लसताय् वसपोलयात हने दुगु भ्री सकसिगु निम्तिं तःजिगु लसताया खँ खः । थ्व हे लसताय् वसपोलयात भिन्तुना देछाये ।

॥ सुभाय ॥



Downloaded from http://www.dhamma.digital

**"जय नमो श्री बुद्ध ... ।"**

२०५६ आश्वीन ८ गते । यसदिन "जय नमो श्री बुद्ध भगवान ..." कविताको विषयमा छलफल गरिएको थियो । यसदिनको वक्ताले यस कवितालाई कविको एक परिकल्पना हुन सक्ने विचार व्यक्त गर्नु हुँदै भन्नुभयो - "प्रत्येक धर्मले मानवता र संसारको हितको लागि नै उपदेश दिएको हुन्छ । तर धर्म प्रचारकहरूमध्ये कतिपयले आ-आफ्नो तरिकाले धर्म प्रचार गर्दा गर्दै विभिन्न विकृतिहरू देखापर्दै जाने हुन्छ । आफ्नो धर्मको महत्त्व दर्शाउनका लागि विभिन्न कविता, श्लोक, मूर्ति एवं आकृतिहरू बनाउन थालेको हुन्छ । बुद्धकालीन समयमा बुद्ध मूर्ति बनाउने चलन थिएन । तर बुद्धप्रति आस्था राख्ने ब्यक्तिहरूले बुद्धको प्रतिक स्वरूप सिंहको मूर्ति बनाउन थाले । यसको अर्थ जंगलका जनावरहरू मध्ये श्रेष्ठ सिंह भए जस्तै बुद्ध पनि मानवहरू मध्ये सर्वश्रेष्ठ हुनुहुन्छ भनी दर्शाउन खोजिएको हुन सक्छ । यसरी नै माथि उल्लेखित कविताले पनि देव मनुष्यहरू मध्ये सर्वश्रेष्ठ बुद्ध हुनुहुन्छ भन्ने भाव दर्शाउन खोजिएको देखिन्छ ।

त्यसैले हामीले आफूले नदेखेका, नसुनेका कुराको निस्कर्ष निकाली वाद विवादको सृजना गर्नुभन्दा बुद्धको सही शिक्षालाई आफ्नो जीवनको व्यवहारमा उतार्न खोज्नु राम्रो हुनेछ ।"

**बुद्ध शासन चिरस्थायी गर्न युवाहरूको कर्त्तव्य**

२०५६ आश्विन १५ गते । यसदिन वक्ता सुश्री अमिता धाख्वाले "बुद्ध शासन चिरस्थायी गर्नका लागि युवाहरूको कर्त्तव्य" विषयमा बोल्नु हुँदै भन्नुभयो - "बुद्ध शासनलाई ३ तहमा बिभाजन गरी देखाउन सकिन्छ ।

**१. परियत्ति शासन–**

४५ वर्ष सम्म बुद्धले देशना गर्नु भएका उहाँ स्वयम् आफैले अनुभव गर्नुहुँदै बताउनु भएको त्रिपिटक (सुत्त पिटक, विनय पिटक र अभिधम्म पिटक) लाई अध्ययन अध्यापन गर्नु ।

**२. पतिपत्ति शासन–**

आफूले अध्ययन गरेको त्रिपिटक सद्धर्मलाई आफ्नो दैनिक जीवनको ब्यवहारमा उतारी आचरण सुधार्नु । शीलले शरीर र वचनलाई संयम राख्दछ । समाधीले मनलाई संयम राख्छ भने प्रज्ञाले ठीक बेठिक छुट्टाई १० प्रकारका क्लेशहरूलाई निर्मुल पार्छ ।

हामीसँग भएका क्लेशहरूले ३ वटा अवस्थाहरू श्रृजना गर्न सक्छन्-

(क) वितिक्कम क्लेश– शरीर र वचनबाट बाहिर प्रस्फुटन हुने क्लेश । यसलाई शीलले काट्ने गर्छ ।

(ख) परियुट्ठान क्लेश– मनमा रहेका क्लेश बाहिर प्रकट नगरी मन भित्रै गुम्सेर रहनु । यस्तो क्लेशलाई समाधिले काट्ने गर्छ ।

(ग) अनुशय क्लेश– संस्कारको रूपमा गाडिएर रहेका क्लेश । यसलाई विपश्यना ध्यान गरिसकेपछि प्रज्ञाद्वारा मात्र काट्न सकिन्छ ।

**३. पतिवेध शासन–**

पतिपत्ति शासनलाई रक्षा गर्न सकेमा मात्र पतिवेध शासन रक्षा गर्न सकिनेछ । यस शासनलाई रक्षा गर्न सकेमा मात्र बुद्ध शासन चिरस्थायी रहनेछन् ।

बुद्धले भन्नुभएको छ– जबसम्म बुद्ध शिक्षालाई आचरणमा ढाल्ने कोशिस गरिन्छ, तबसम्म अरहन्तहरू हुन्छन् ।

त्यसरी नै बुद्धले किम्बिललाई सद्धर्म चिरस्थायी नहुनुका कारणहरू यसरी बताउनु भएको छ–

(१) भिक्षु, भिक्षुणीहरू, उपासक र उपासिकाहरूलाई गौरव नराख्नुले ।

(२) धर्मलाई आधार नमान्नाले ।

(३) बुद्धको धर्म, संघ र श्रावकहरूमा विश्वास र आस्था नहुनाले ।

(४) शील, समाधि, प्रज्ञा र शिक्षाप्रति आधार भरोसा र गौरव नहुनाले ।

(५) शरीर, वचन, चित्तलाई होश् नराखी प्रमादी बन्नाले ।

(६) गृहस्थीहरूले प्रव्रजितहरूलाई गर्नुपर्ने "चतुप्रत्यय सेवा" व्यवहार कुशलता नहुनु ।



Downloaded from http://www.dhamma.digital

उपासक उपासिकाहरूमा हुनुपर्ने १० वटा गुणहरू मिलिन्द प्रश्नमा भिक्षु नागसेनले यसरी आज्ञा हुनु भएको छ।

(१) बुद्ध, धर्म र संघको शरणमा जाने हुनुपर्छ।
(२) भिक्षुहरूलाई दु:ख र सुखमा सहानुभूति राख्ने हुनुपर्छ।
(३) सम्यक दृष्टि सहितको हुनुपर्छ।
(४) धर्ममा अधिपति हुनुपर्छ।
(५) बुद्ध शासनको सुदृढीकरण कार्यमा कोशिस र उत्साहित हुनुपर्छ।
(६) शरीर र वचनलाई संयम गर्ने गुण सहितको हुनुपर्छ।
(७) शान्ति र एकताप्रेमी हुनुपर्छ।
(८) यथाशक्ति दान दिने बानी सहितको हुनुपर्छ।
(९) कौतुहल भई यताउता धर्मको लागि भौंतारिएर नहिंड्ने हुनुपर्छ।
(१०) आडम्बर रहित हुनुपर्छ।

सद्धर्ममा चिप्लिने (परिहानी) हुने अवस्था "अंगुत्तर निकाय र सुत्त निपात अनुसार यसरी उल्लेख गरिएको छ।

(१) भिक्षुहरूको दर्शन नहुनु (२) सद्धर्म सुन्न नपाउनु (३) शील समाधि र प्रज्ञाको लोप हुनु (४) धर्ममा श्रद्धा र विश्वास नुहुनु (५) त्रिरत्नप्रति श्रद्धा नभई अन्य धर्महरूको आधार भरोसा लिन जानु। (६) शुद्ध शासनलाई त्यागी अन्य धर्महरूमा भौंतारिनु।

त्यसैले युवावर्गले आफैंले त्रिपिटकका विभिन्न मूल ग्रन्थहरू अध्ययन गरी त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्दै अरूलाई पनि सिकाउने प्रयास गर्नसकेमा मात्र बुद्ध शासन चिरस्थायी हुनेछ।

## आवश्यक र अनावश्यक लाज र भय

२०५६ कार्तिक २० गते। यसदिन धर्मकीर्ति अध्ययन गोष्ठीको साप्ताहिक कक्षामा "आवश्यक र अनावश्यक लाज र भय" भन्ने विषयमा बोल्नु हुँदै मदनरत्न मानन्धरले भन्नुभयो- "अभिधर्म अनुसार हामीले प्रत्येक क्षण कुशल वा अकुशल कर्महरू बनाइरहेका हुन्छौं। ती कर्महरू सबै हाम्रा चित्तले बनाइन्छन्। वास्तवमा यही नदेखिने चित्तले नै देखिने संसारको निर्माण भइरहेको छ। यो नदेखिने चित्त सम्बन्धी ज्ञान हामीले अभिधर्मको अध्ययन गरेपछि पाउँछौं। अभिधर्म अनुसार लाज र भयलाई हिरी र ओतप्प (पाली भाषामा) भनिन्छ। हिरी (लाज) भनेको नराम्रो काम गर्न लाज मान्नु हो। त्यस्तै ओतप्प (भय) भनेको नराम्रो काम गर्न डर मान्नु हो। ठीक यसको विपरित अहिरीक र अनोतप्प भन्ने शब्दले नराम्रो काम गर्न लाज र भय नमान्ने अर्थ बुझाउँदछ।

यस अवस्थामा राम्रो र नराम्रो कार्य भनेर कसरी पहिल्याउने भन्ने प्रश्न उठ्न सक्छ। बुद्ध शिक्षा अनुसार जुन काम गर्दा आफूलाई र अरूलाई हानी हुन्छ, त्यो नराम्रो काम हो र जुन काम गर्दा दुबै पक्षलाई लाभ हुन्छ, त्यो राम्रो काममा गनिन्छ। बुद्धले अझ स्पष्ट पारी भन्नु भएको छ–

**"सब्ब पापस्स अकरण कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं-एतं बुद्धानुशासनं ॥"**

अर्थ– कुनै पनि पाप कार्य नगर्नु पुण्य संचय गर्नु, आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धको उपदेश हो।

बुद्धकालीन समयमा पनि तिर्थंकरहरूको विषयमा लिएर बुद्धले यस्तो भन्नुभएको थियो–

**"अलज्जिताय लज्जन्ति–लज्जिताय नलज्जो**
**मिच्छादिट्ठिसमादाना–सत्ता गच्छन्ति दुग्गतिं"**

अर्थ– लाज मान्न नहुने ठाउँमा लाज मान्छ, लाज मान्नु पर्ने ठाउँमा लाज नमानी मिथ्या दृष्टि ग्रहण गर्ने जीव दुर्गतिमा पुग्छ।

**"अभयंच भय दस्सिनो भय चा' भय दस्सिनो**
**मिच्छा दिट्ठि समादाना–सत्ता गच्छन्ति दुग्गति"**

अर्थ– भयलिन नपर्ने ठाउँमा भयलिई भय लिन पर्ने ठाउँमा भय नलिई मिथ्या दृष्टि ग्रहण गर्ने जीव दुर्गतिमा पुग्दछ।

हामीले यथार्थ सत्य थाहा पाउनका लागि आफैंले स्व-अध्ययन गर्न आवश्यक छ।"

यस दिन ध्रुवरत्न स्थापितले कक्षा संचालन गर्नुभएको थियो भने नीता केशरी श्रेष्ठले रिपोर्टिंग गर्नुभएको थियो।

## बौद्ध तीर्थ यात्रा सम्पन्न

धर्मकीर्ति विहारको आयोजनामा (२०५६ पौष ११ गते देखि पौष २० गतेसम्म) करीब १० दिनको लागि बौद्ध तीर्थ यात्रा सफलतापूर्वक सम्पन्न गरिएको छ।

लुम्बिनी, सारनाथ, बुद्धगया, कुशीनगर र बैशाली आदि बौद्ध तीर्थस्थलहरूमा भ्रमण गरिएको उक्त तीर्थ यात्रामा भिक्षु अश्वघोष, धम्मवती गुरुमाँ प्रमुख अन्य गुरुमाँहरू र थुप्रै उपासक उपासिकाहरूले भाग लिएका थिए।



Downloaded from http://www.dhamma.digital

### श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको सुस्वास्थ्य कामना

२०५६ पौष १४ गते । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५५ औं शुभ जन्मोत्सवको उपलक्षमा आनन्दकुटी विहारमा पौष १४ गते भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ गरी श्री ५ वीरेन्द्र सरकारको दीर्घायु र सुस्वास्थ्य कामना गरिएको छ । उक्त अवसरमा दान प्रदान तथा भोजनदानको कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

### प्रदीप प्रज्वलन

२०५६ पौष १४ गते । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम सरकारको ५५ औं शुभ जन्मोत्सवको उपलक्षमा आज कीर्तिपुर स्थित नगरमण्डप श्रीकीर्ति विहारमा ५५ बत्ती प्रज्वलित गरी श्री ५ महाराजधिराजको सुस्वास्थ्य र दीर्घायुको कामना गरी बुद्ध पूजा सुसम्पन्न गरिएको समाचार छ । यो विशेष बुद्ध पूजा नगरमण्डप श्रीकीर्ति विहार र श्रीकीर्ति बौद्ध केन्द्रको आयोजनामा गरिएको कुरा बुझिएको छ ।

### श्रद्धेय ञाणशीला र सत्यशीला गुरुमाँहरू अभिनन्दित

स्थान- शाक्यसिंह विहार, ललितपुर ।

श्रद्धेय ञाणशीला र सत्यशीला गुरुमाँहरू प्रव्रजित हुनुभएको ५० औं वर्ष पूरा भएको उपलक्षमा आपूर्ति मन्त्री श्री प्रकाशमान सिंहज्यूको प्रमुख आतित्थ्यमा अभिनन्दन– समारोह सम्पन्न भयो ।

ञाणशीला गुरुमाँ पिता गणेशराज शाक्य र माता इन्द्रकुमारी शाक्यकी सुपुत्रीको रूपमा वि.सं. १९८३ आषाढ महिनामा ललितपुर स्थित ओकुबहाल यतालिविमा जन्मनु भएकी थिइन् ।

वि.सं. २००६ साल कार्तिक २८ गते कुशी-नगरमा उ चन्द्रमणि महास्थविरबाट प्रव्रज्या ग्रहण गर्नुभएकी उहाँको गृहस्थी नाम कुलशोभा थियो ।

उहाँले संघ महानायक प्रज्ञानन्द महास्थविर र श्रद्धेय बुद्धघोष महास्थविरबाट बर्मी र पाली भाषा सिक्नु भई शाक्यसिंह विहारमा ४० वर्षभन्दा बढी रहनुभई आफूले अध्ययन गरेको शिक्षा बालबालिकाहरूलाई सिकाउनुको साथै ध्यान भावनामा अभ्यासरत हुनुभयो । बुद्ध शासनमा समर्पित रहनुभई उहाँले बुद्ध धर्म प्रचार प्रसारमा उल्लेखनिय योगदान पुऱ्याउनु भएको छ ।

उहाँ हाल शाक्यसिंह बौद्ध परियत्ति शिक्षालय र मृत्यु संस्कार गुथिका उपाध्यक्ष, प्रज्ञानन्द स्मृति क्लिनिकका सल्लाहकार, प्रज्ञानन्द स्मृति तृतीय भोजनका संस्थापक अध्यक्ष तथा प्रज्ञानन्दाराम नरसिंहराम विहारका प्रमुख पनि हुनुहुन्छ ।

सत्यशीला गुरुमाँ पिता मानबहादुर तण्डुकार र माता जगतमाया तण्डुकारकी एक्ली छोरीको रूपमा वि.सं. १९८६ साल आषाढ महिनामा काठमाडौंको बलम्बुमा जन्मनु भएको थियो । गृहस्थीमा उज्याली नामले चिनिनु हुने उहाँले वि.सं. २००६ साल कार्तिक महिनामा उ चन्द्रमणी महास्थविरको तर्फबाट प्रव्रज्या ग्रहण गर्नुभएको थियो ।

संघ महानायक प्रज्ञानन्द महास्थविरको प्रेरणाले प्रव्रजित जीवन शुरू गर्नुभई बुद्ध धर्म अध्ययन र ध्यान भावनामा लाग्नु भएकी उहाँले बुद्ध शिक्षा अध्ययन क्रममा परियत्ति सद्धम्मपालक उपाधिसम्म अध्ययन गर्नुभएको छ ।

समारोहमा माननिय आपूर्ति मन्त्रीज्यूले शाक्यसिंह विहारका उपासकोपासिका सहित विहारका विभिन्न संघ संस्थाहरूद्वारा चढाइएका सामूहिक अभिनन्दनपत्र प्रदान गर्नुभयो । यसका साथै उहाँहरूलाई ९ वटा संघ संस्थाहरूबाट अभिनन्दन चढाइएको थियो । यसरी नै अनगारिका संघ, धर्मकीर्ति अध्ययन गोष्ठी, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, थैना टोल सुधार समिति, विश्व शान्ति दायक समिति, संघ रक्षिता चंकि विहार, बौद्ध अध्ययन गोष्ठी, बलम्बुका उपासक उपासिका संघ र बुद्धिष्ट कम्युनिकेशन सेण्टरका प्रतिनिधिहरूले अभिनन्दनपत्र चढाउनुभएको थियो ।

उक्त समारोहमा माननिय आपूर्ति मन्त्रीज्यूले "२००१ सालमा नेपालबाट भिक्षुहरूको निष्काशनकै समयमा आफ्ना बुबा स्व. गणेशमानसिंह पनि देशमा



Downloaded from http://www.dhamma.digital

प्रजातन्त्र पुनर्वहाली गराउनका लागि भद्रगोल जेल तोडेर निस्कनु भएको प्रसंग उल्लेख गर्नुहुँदै प्रजातान्त्रिक व्यवस्थामा मात्र मानिसहरूलाई धार्मिक स्वतन्त्रता प्राप्त हुने कुरा बताउनु भयो । यसको साथै अभिनन्दित गुरुमाँहरूबाट भविष्यमा पनि बुद्ध धर्मको क्षेत्रमा अझ बढी उल्लेखनिय कार्य गर्न सकोस् भन्ने सुभेच्छा प्रकट गर्नुभयो ।

शाक्यसिंह विहारका प्रमुख श्रद्धेय धम्मपाल भन्तेज्यूले स्वागत गर्नुभएको उक्त समारोहमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष कुमार काश्यप, बौद्ध विद्वान धर्मरत्न शाक्य त्रिशुली र अमिता धाख्वा आदिले गुरुमाँहरूको योगदान बारे प्रकाश पार्नुभयो । साथै अ.ने.भि.म. का सचिव ज्ञानपूर्णिक महास्थविरले पठाउनु भएको सन्देश सुनाउनु भएको थियो ।

अभिनन्दित ञाणशीला गुरुमाँ र सत्यशीला गुरुमाँले आफूलाई प्रव्रजित भई बुद्ध धर्मको अध्ययन अध्यापन गर्ने मौका पाएकोमा हर्ष प्रकट गर्नुभयो । समारोहमा ञाणवती गुरुमाँले धन्यवाद ज्ञापन गर्नुभएको थियो । ललितपुर क्षेत्र नं. २ का सांसद कृष्णलाल महर्जनको पनि उक्त सभामा उपस्थिति थियो ।

### श्रद्धेय माधवी गुरुमाँ अभिनन्दित

२०५६ मंसीर २४ गते । स्थान- यशोधरा बौद्ध विद्यालय । श्रद्धेय माधवी गुरुमाँ प्रव्रजित हुनुभएको ५० औं वर्ष पूरा भएको शुभ उपलक्ष्यमा एक अभिनन्दन समारोह सुसम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

वि.सं. १९९३ साल भाद्र महिनामा जन्मनुभई वि.सं. २००५ साल कार्तिक १० गते कुशीनगरमा प्रव्रजित हुनुहुने उहाँ गुरुमाँको गृहस्थी नाम शोभालक्ष्मी थियो । बुद्ध शिक्षा अध्ययन गर्नको लागि बर्मा जानुभई वि.सं. २०११ सालमा नेपाल फर्किनु भएकी पुज्य गुरुमाँले आफ्नी आमाको प्रेरणा स्वरूप २०१३ सालमा (आफ्नै घरमा) चन्द्रलक्ष्मी विद्यालय (पिता चन्द्रज्योति र माता लक्ष्मीमायाको नामबाट) स्थापना गर्नुभएको थियो । यसरी प्राथमिक विद्यालय खोल्नुभई औपचारिक रूपले नि:शुल्क बौद्ध शिक्षा अध्ययन कार्य थाल्नु भएकी गुरुमाँले व्यवहारिक शिक्षा पनि आवश्यक ठानी सरकारी पाठ्यक्रम अनुसार श्री ५ को सरकार शिक्षा मन्त्रालय शिक्षा विभागको तर्फबाट वि.सं. २०१८ सालमा स्वीकृति प्राप्त गरी "यशोधरा बौद्ध विद्यालय स्थापना गर्नुभएको थियो । गुरुमाँले वि.सं. २०१३ सालदेखि बौद्ध शिक्षालाई विद्यालयको शिक्षा क्षेत्रमा समावेश गरी बौद्ध शिक्षा संचालन गर्नुभएकोमा वि.सं. २०१९-२०२० सालमा श्री ५ को सरकारबाट बौद्ध शिक्षा शिर्षकलाई आपत्ति जनाइएको थियो । उहाँले आफ्नो शाहसिलो कदमको फलस्वरूप तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट स्वीकृति प्राप्त गर्नुभई बौद्ध शिक्षालाई नैतिक शिक्षा नामाकरण गरी कक्षा संचालन गर्नुभएको थियो । नैतिक शिक्षा पाठ्य सामाग्रीमा उहाँले उदान, जातकमाला, विश्वन्तर जातक र त्रिरत्न वन्दना आदि पुस्तक प्रकाशन गराउन आफैं सक्रिय रूपमा लाग्नुभई पुस्तक प्रयोगमा ल्याउनु भयो ।

यसरी धर्म र शिक्षाको लागि विभिन्न आवश्यक स्थानहरूमा मैत्रीपूर्ण सम्बन्ध कायम गरी स्वदेशी तथा विदेशी श्रद्धालुहरूको श्रद्धाबाट प्राप्त सहयोगलाई संगाली अनेक समस्याहरू समाधान गर्नुहुँदै बुद्ध शिक्षा प्रचार कार्यमा संलग्न रहनु भएकी उहाँलाई वि.सं. २०२५ सालमा तत्कालिन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारको करकमलबाट गोर्खा दक्षिणबाहु पञ्चम पदकद्वारा सम्मान प्रदान गरिबक्सेको थियो ।

यसरी नै वि.सं. २०३८ सालमा श्री ५ वडा-महारानी ऐश्वर्य राज्य लक्ष्मी देवी सरकारको तर्फबाट पनि कृपापूर्वक सहयोग बक्स भएको उक्त विद्यालयलाई माधवी गुरुमाँले वि.सं. २०४५ साल देखि माध्यमिक विद्यालयको रूपमा परिवर्तन गर्नुभई सफलता हासिल गर्नुभएको थियो । गुरुमाँको अथक परिश्रम र लगनशीलतालाई कदर गर्दै यस विद्यालयलाई टोलबासी, शिक्षक शिक्षिकाहरू, जापानी सामाजिक संस्था र अन्य विभिन्न महानुभावहरूको तर्फबाट आवश्यक सहयोगहरू प्राप्त भइरहेका छन् ।

नेपालको अनगारिका संघको सर्वप्रथम उपाध्यक्ष रहनुभई त्यसपछि सचिव पदमा पदासिन रहनु भएकी उहाँलाई उहाँको गुण अनुस्मरण गरी यशोधरा बौद्ध विद्यालय प्रमुख अन्य विभिन्न संघ संस्थाहरूको तर्फबाट



Downloaded from http://www.dhamma.digital

गुरुमाँ प्रव्रजित हुनु भएको ५० औं वर्ष पूरा भएको उपलक्ष्यमा अभिनन्दन पत्र प्रदान गरी सम्मान गरिएको थियो ।

पूज्य भिक्षु बुद्धघोष महास्थविरको अध्यक्षतामा सुसम्पन्न गरिएको उक्त समारोहमा बेलकुमारी शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने रमीला शाक्यले श्रद्धेय गुरुमाँको परिचय प्रस्तुत गर्नुभएको थियो ।

मन्तब्य ब्यक्त गर्ने क्रममा (माधवी गुरुमाँकी दाजु) पूज्य भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो– "हामी दुबै" दाजु र बहिनी (भिक्षु अश्वघोष र माधवी गुरुमाँ) हाम्री आमाबाट प्राप्त हौसला र हाम्रै श्रद्धाको कारणले बुद्ध शासनमा प्रव्रजित भई जीवन समर्पण गरी आजसम्म पनि धर्म प्रचार कार्यमा संलग्न भइरहेका छौं । बहिनी माधवीले संचालन गरिरहेको यशोधरा विद्यालयमा ब्यवहारिकको साथसाथै अतिरिक्त शिक्षाको रूपमा बुद्ध शिक्षासंग सम्बन्धित मनुष्य जीवन सफल पार्न अत्यावश्यक नैतिक शिक्षाहरू पनि अध्यापन गराइएको छ । जसबाट विद्यार्थीहरूले नैतिक आचरण र शुद्ध ज्ञान प्राप्त गर्न सफल भइरहेको देखिन्छ । यसको अतिरिक्त यस विद्यालयमा बौद्ध परियत्ति शिक्षा पनि अध्ययन गराइँदैछ । आफ्नो लक्षमा अडिग रहने बानी भएकी माधवीलाई अतिरिक्त शिक्षाको रूपमा पढाइँदै गरिएको बुद्ध शिक्षा हटाउन सरकारी स्तरबाट आदेश आएको थियो । तर उनले सरकारी अनुदानलाई त्याग्न परेपनि बुद्ध शिक्षा नहटाउने दृढ प्रतिज्ञा गरिन् । उनको प्रतिज्ञाको अगाडि सरकारी आदेशले हार खान पर्‍यो । यसरी बुद्ध शिक्षा प्रचार कार्यमा अटल श्रद्धा राख्ने माधवीलाई यस अभिनन्दन समारोहले आफ्नो कर्त्तब्य पथतिर लम्कन अझ हौसला प्रदान गर्नेछ भन्ने मेरो विश्वास छ ।"

मन्तब्य ब्यक्त गर्ने क्रममा धम्मवती गुरुमाँले भन्नुभयो– **"पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं"** पूजा गर्न योग्य ब्यक्तिहरूलाई पूजा गर्नुपनि एक उत्तम मंगल कार्य हो भन्ने बुद्ध वचन मंगल सूत्रमा अंकित छ । माधवी गुरुमाँले बुद्ध शासन रक्षार्थ जति पनि सन्हानीय कार्यहरू गर्नुभएको छ, उहाँको उक्त देनलाई कदर गरी यस अभिनन्दन समारोह आयोजना गरिँदैछ । बुद्ध शिक्षा अध्ययन गर्नको लागि पूज्य बर्मी गुरु धम्मावुधसंग बर्मा जानको लागि तयारीमा लाग्दा माधवी गुरुमाँ प्रमुख उहाँकी आमा र दिदीबाट मैले धेरै सहयोगहरू पाएकी छु । उहाँहरूको यी अमूल्य गुणलाई मैले बिर्सन सक्दिन ।"

समारोहको अन्त्यमा ललितपुर नगरपालिकाका उपमेयर बुद्धिराज बज्राचार्यले पनि आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

**माधवी गुरुमाँलाई प्रदान गरिएका अभिनन्दन पत्र, विभिन्न वस्तुहरू र नगद आदिको लिष्ट–**

**(१) अभिनन्दन पत्र प्रदान गर्ने ब्यक्ति वा संस्थाको नाम**

अनगारिका संघ-ल.पु.का.पु., यशोधरा विद्यालय-थैना, संघरक्षिता गुरुमाँ-चंकी विहार, अनोजा गुरुमाँ-सुलक्षणकीर्ति विहार, टोल सुधार समिति-थैना, धम्मवास विहार-खुशीबुँ ।

**(२) खास्टो प्रदान गर्ने ब्यक्ति वा संस्थाको नाम–**

शिक्षक वर्ग स्कूल परिवार-य. बौ. विद्यालय, चमेली गुरुमाँ-ध.की. विहार, अनुपमा गुरुमाँ-ध.की. विहार, सुमंगल बौद्ध संघ-लुखुसी, चन्द्रदेवी शाक्य-पुल्चोक, रत्नदेवी धाख्वाः-नागवहाल, चन्द्रदेवी शाक्य-नःवही, सानुराजा शाक्य-लामुगल, कान्छी अजी-बालकुमारी, माधव नकर्मी-मचागाः, भीमराजा शाक्य-तःचिबहा, नाम प्राप्त नभएको-क्वाःबहाल, मनोहरा शाक्य-ओकुबहाः ।

**(३) नगद प्रदान गर्ने ब्यक्ति वा संस्थाको नाम–**

ञाणशीला गुरुमाँ-शाक्यसिंह विहार, सत्यशीला गुरुमाँ-शाक्यसिंह विहार, कमला गुरुमाँ-पद्मकीर्ति विहार, मेनुका अमात्य-कुमारी पाटी, सुशीला शाक्य-हःखा, संघवती गुरुमाँ-ध.की. विहार, चित्तावती गुरुमाँ-तनबहा, जयवती गुरुमाँ-ध.की. विहार, बुद्धिराज बज्राचार्य-गाबहाः, छत्रराज शाक्य-बुढानिलकण्ठ, कान्छी शाक्य-प्रयागपुखू, हेराशोभा शाक्य-छ्वास, सानुमैया केशी-लगनखेल ।

**(४) वस्त्र प्रदान गर्ने ब्यक्ति वा संस्थाको नाम–**

पताचारी गुरुमाँ-कोंसाबहाः, अमरावती गुरुमाँ, धम्मचारी गुरुमाँ, मासुखी गुरुमाँ-य.बौ. विद्यालय ।



Downloaded from http://www.dhamma.digital

| अन्य विविध सामानहरू प्रदान गर्ने व्यक्तिको नाम | सामानको नाम |
|---|---|
| १. भिक्षु अश्वघोष, संघाराम | नगद, खास्टो र अन्य सामानहरू |
| २. भिक्षुणी धम्मवती धर्मकीर्ति विहार | अभिनन्दन पत्र र नोटको कल्पबृक्ष |
| ३. राजेन्द्र शाक्य, थैना टोल | कम्बल |
| ४. मग मग अमात्य, वटु | कम्बल |
| ५. अनिर नरसिंह अमात्य, लगनखेल | स्वीटर र नगद |
| ६. पूर्णदेवी बनिया, इतुम्बहाल | बुद्धमूर्ति |
| ७. चन्द्रदेवी शाक्य, पकनाजोल | स्वयम्भू चैत्य |
| ८. शावित्री चिपालु, कुलेश्वर | टेलिफोन सेट |
| ९. श्यामलक्ष्मी शिल्पकार, जावलाखेल | आँखे झ्याल |
| १०. अमीता धाख्वा:, नागबहाल | फाइल |
| ११. नरेन्द्र नरसिंह शाक्य, थैना | चि. पौभा: |
| १२. इन्दावती गुरुमाँ, ध.की. विहार | तस्विर |
| १३. उत्तरा गुरुमाँ, किण्डोल | बुद्ध प्लेट |
| १४. जगतराज शाक्य परिवार, जावलाखेल | भान्छाको सामान |
| १५. सोनाको आमा र रीना, काठमाडौं | विभिन्न सामान र नगद |
| १६. नानीहेरा कंसाकार, क्षेत्रपाटी | खास्टो र जुत्ता |
| १७. सागरमान बज्राचार्य, मखंबहाल | सुकुन्दा |
| १८. श्रीधर श्रेठ, हाडीगाउँ | फुलको गुच्छा |
| १९. कुलदेवी श्रेष्ठ, रिंगरोड | स्वीटर |
| २०. सागर शाक्य, जावलाखेल | स्वीटर |
| २१. दया प्रमुख दिदी बहिनीहरू, कुमारीपाटी | घडी |
| २२. माँ सोना र माँ शोभा, य. बौ. विद्यालय | चम्चा झुप्पा |
| २३. काठमाडौंकी उपासिका | उनीवत्ता |

## भिक्षु कालुदायीको गुणानुस्मरण

२०५६ मंसीर १२ गते। स्थान- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र।

दिवंगत भिक्षु कालुदायीको गुणानुस्मरण गरी उहाँको पुण्यस्मृतिमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा श्रामणेर भई ध्यान बस्नुभएका आशाकाजी महर्जन प्रमुख उहाँको परिवारको आयोजनामा भिक्षु कालुदायीको गुणानुस्मरण कार्यक्रम संचालन गरिएको थियो । स्मरणीय छ दुर्लभ श्रामणेर प्रव्रजित हुनुभएका आशाकाजी महर्जन दिवंगत कालुदायी महास्थविरको गृहस्थ जीवनको जेठो छोरो हुनुहुन्थ्यो ।

काठमाडौं, भक्तपुर र ललितपुरका भिक्षु, भिक्षुणीहरू, ललितपुरका ११ वटा विहारका उपासकोपासिकाहरू र अन्य गण्यमान्य व्यक्तिहरू, इष्टमित्र आदिलाई संग्रह गरी कार्यक्रम आयोजना गरिएको उक्त समारोहमा जलपान पछि सामूहिक बुद्ध पूजा गरियो । त्यसपछि दिवंगत भिक्षु कालुदायीको गुणानुस्मरण कार्यक्रममा उद्घोषक शान्तमान शाक्यले कार्यक्रम संचालन गर्नुभएको थियो। बर्मी भिक्षु उ सुजन पियबाट शील प्रार्थना गराउनु भई धर्मदेशना गर्नुभएको थियो भने भिक्षु भिक्षुणी संघबाट परित्राण पाठ पनि गरिएको थियो। भिक्षु कालुदायीको गुणानुस्मरण मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू रत्नमान शाक्य र प्रेमबहादुर बज्राचार्य हुनुहुन्थ्यो ।

काजीलाल डंगोलले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा ५ मिनेट मरणानुस्मृती भावना गराइएको थियो भने भिक्षु अश्वघोष महास्थविरबाट पुण्यानुमोदन गराइएको थियो ।

उपस्थित सबै महानुभावहरूलाई जलपान र भोजनको व्यवस्था गरिएको थियो ।

भोजन कार्यक्रमपछि ज्यापु महागुठी पलेस्वाँ पुखू निर्माण समितिको आयोजनामा दिवंगत कालुदायी महास्थविरको गुणानुस्मरण कार्यक्रम भव्य रूपमा सम्पन्न गरियो । विपेन्द्र महर्जनको सभापतित्त्वमा संचालित यस कार्यक्रम मचाराजा महर्जनले संचालन गरिएको थियो भने राजभाई ज्यापुले स्वागत भाषण गर्नुभएको थियो । धर्मरत्न शाक्य (त्रिशुली)ले दिवंगत भिक्षु कालुदायीको जीवनी प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा सांसद कृष्णलाल महर्जन, भिक्षु सुनन्द महास्थविर, बखतबहादुर चित्रकार, लोकबहादुर शाक्य, विष्णुरत्न शाक्य, देवबहादुर डंगोल, मोहनकृष्ण डंगोल, रत्नमान शाक्य, शान्तमान शाक्य, अष्टमान महर्जन र काजिलाल डंगोल आदिले श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै मन्तव्य व्यक्त गर्नुभएका थिए। ८४ वर्षिय बृद्ध अष्ट थकूं र जितलाल महर्जनले दिवंगत कालुदायी महास्थविरको तस्विरमा फूल अर्पण गर्नुभएको उक्त कार्यक्रममा सभाका सभापतिले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा लुम्बिनीमा थालनी भइरहेको पलेस्वाँ पुखू निर्माण कार्य सम्पन्न नभएसम्म दिवंगत कालुदायी महास्थविर नै ज्यापु महागुथि केन्द्रिय तदर्थ समितिको प्रमुखको रूपमा रहनु हुने जानकारी दिनुभयो ।



Downloaded from http://www.dhamma.digital

## बौद्ध युवा कमिटिको तर्फबाट बुद्ध शिक्षा प्रचार

२०५६ पौष १३ गते । बौद्ध युवा कमिटि झतापोलको आयोजनामा संचालित मासिक धर्मदेशना कार्यक्रम असार यंगुलि महाविहार, दौबहालमा ११ औं पटकको धर्मदेशना कार्यक्रम सम्पन्न भएको समाचार छ । भिक्षु संघरक्षितले शील प्रार्थना गराउनु भई शुरू गरिएको उक्त कार्यक्रममा भिक्षु संघरक्षितले भन्नुभयो– "समाजमा आजभोली जति पनि कलह, अशान्त र वैरभाव उत्पन्न भइरहन्छन् ती सबै मानिसहरूमा मैत्रीभाव नहुनाको चिन्ह हो । यदि मैत्री भावलाई प्रयोग गर्न सकेको खण्डमा हाम्रो मानव समाज शान्त र सुखमय हुने थियो ।" दौबहाको सदस्य पुष्परत्न शाक्यले युवाहरूको तर्फबाट संचालित यस कार्यक्रमलाई सन्हाना गर्नुहुँदै आजको मानव समाजमा बुद्धको शिक्षा अपरिहार्य रहेको कुरा प्रष्टाउनु भयो । विश्वन्तर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा यस मासिक धर्मदेशना कार्यक्रम अब उप्रान्त प्रत्येक पूर्णिमाको दिन गरिने निर्णय गरिएको थियो । आगामी कार्यक्रम लोककीर्ति महाविहारमा गरिने कुरो कमिटिको तर्फबाट निर्णय गरिएको छ । स्मरणीय छ यस कमिटिको तर्फबाट प्रत्येक हप्ताको शनिवार ललितपुरको लुभूमा बौद्ध परियत्ति कक्षा संचालन भइरहेको छ ।

## लुम्बिनीमा प्रव्रज्या कार्यक्रम

२०५६ आश्विन १४ गते । यसदिन भिक्षु विमलानन्द महास्थविरको तर्फबाट सुर्यमान बज्राचार्यज्यूलाई सुमंगल नामबाट र मलेशियन युवक सुवाँलाई आनन्द नामबाट प्रव्रजित गरिएको समाचार प्राप्त भएको छ ।

## यूरोपमा धर्मदूत भ्रमण

संघारामका दुईजना भिक्षुहरू आनन्द र उपतिस्स श्रीलंकाबाट यूरोपमा बुद्ध धर्म प्रचारार्थ जानु भएको समाचार प्राप्त भएको छ । भिक्षु आनन्द र भिक्षु उपतिस्स दुबै एम्.ए. उत्रीर्ण भएका हुन् । भिक्षु आनन्द बेलायतको लण्डनमा प्रवचन कार्यक्रममा व्यस्त हुनुहुन्छ भने भिक्षु उपतिस्स अष्ट्रेलियामा बुद्ध धर्म प्रचारमा व्यस्त छन् ।

## मासिक बुद्धपूजा

२०५६ पौष ४ गते । सिद्धि मंगल बुद्ध विहार, ललितपुर, थसि । मासिक बुद्धपूजा कार्यक्रमको सिलसिलामा श्रद्धेय भिक्षु बिमलानन्दले पञ्चशील प्रार्थना गराउनु भई धर्मदेशना गर्नुभएको थियो ।

स्थानिय पूर्णबहादुर महर्जन र चम्पा महर्जनले उक्त कार्यक्रममा उपस्थित हुनुभएका उपासक उपासिकाहरूलाई र भिक्षु भिक्षुणीहरूलाई भोजन दान गरी पुण्य संचय गर्नुभएका थिए ।

विहारका उपसचिव मङ्गलदास महर्जनले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा अध्यक्ष बुद्धिबहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा दिवंगत भिक्षु कालुदायी महास्थविरको गुणानुस्मरण गर्दै १ मिनेट मौनधारण पनि गरिएको थियो ।

## दीघनिकाय ग्रन्थ विमोचन हुँदैछ

बुद्धवचन त्रिपिटक अन्तर्गत सुत्तपिटकको पहिलो निकाय ग्रन्थ दीघनिकाय पहिलोपल्ट नेपाली भाषामा एक समारोहको बीच यहिं २०५६ माघ ८ गते (जनवरी २२, २०००) शनिबारका दिन रत्नाकर महाविहार, गाबहालमा हुने भएको छ । स्मरणीय छ, नव सहस्राब्द वर्षको उपलक्ष्यमा अनुवादककै नेपाल भाषामा निदान कथा प्रकाशित भइसकेको छ । नेपालका विभिन्न जनजाति बीच बुद्धधर्म, बौद्ध दर्शनको प्रचार प्रसार र विस्तार तथा अध्ययन अध्यापनमा सहयोग पुऱ्याउने उद्देश्यले श्री दुण्डबहादुर बज्राचार्यद्वारा सो ग्रन्थ पालि भाषाबाट नेपालीमा अनुवाद गरिएको हो ।

अनुवादकको यस अगि त्रिपिटक ग्रन्थको एक चौथाई भाग नेपाल भाषामा अनुवाद भइसकेको छ ।

## ज्ञानमाला राष्ट्रिय तृतीय सम्मेलन

२०५६ पौष २३ गते । स्थान- भक्तपुर ।

यसदिन ज्ञानमाला महासंघ र भक्तपुर ज्ञानमाला संघहरूको संयुक्त आयोजनामा ज्ञानमाला राष्ट्रिय तृतीय सम्मेलन भव्यताका साथ सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

स्वयम्भू ज्ञानमाला संघका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त सम्मेलनमा



Downloaded from http://www.dhamma.digital

श्री रामकृष्ण उपासकले स्वागत भाषण गर्नुभएको थियो भने भक्तपुरका इन्द्रराज शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । प्रमुख अतिथि संघ नायक भिक्षु अनिरुद्ध महास्थविरज्यूले सप्ततिंश बोधि प्रदीप प्रज्वलन गरी सम्मेलनको उद्घाटन गर्नुहुँदै शुभकामना व्यक्त गर्नुभएको थियो । यसरी नै उक्त सम्मेलनमा भिक्षु अश्वघोष महास्थविर, भक्तपुर नगर प्रमुख प्रेम सुवाल, प्रा. सुवर्ण शाक्य, महासचिव किरण कुमार जोशी आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

सम्मेलनमा चार जवान वयोबृद्धहरूलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

सभाको अन्त्यमा सभापति शान्तरत्न शाक्यले आफ्नो वक्तव्य प्रकट गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो ।

### श्रद्धेय गुणवती गुरुमाँबाट चन्दा

बर्मी दो गुणवती गुरुमाँले धर्मकीर्ति पत्रिकाको लागि सहयोग स्वरूप रु. ३०००/– प्रदान गर्नुभएको छ ।

यसरी नै उहाँले धर्मकीर्ति स्वास्थ्य कमिटीको लागि पनि सहयोग स्वरूप रु. २०००/– चन्दा प्रदान गर्नुभएको छ ।

### न्ह्यसः लिसः कासा

२०५६ मंसीर ४ गते । भक्तपुर मैत्रेय युवा संघया ग्वसालय् युवा वर्गपिन्त बुद्ध धर्म सम्बन्धी ज्ञान बीगु उद्देश्यकथं आन्तरिक बुद्ध शिक्षा सम्बन्धी न्ह्यसः लिसः कासाया न्हापांगु चरण क्वचाःगु समाचार दु ।

मंसीर ११ गते शनिवार खुन्हु फाइनल कासाय् त्याःपिं ब्यक्तिपिन्त भिक्षु कोलितं पुरस्कार लःल्हाना बिज्यात ।

फाइनल कासाय् त्याःपिं ब्यक्तिपिं, क्रमसः थुकथं जुल ।

प्रथमः तुल्सीकाजी मानन्धर, प्रकेशरत्न शाक्य व शुभद्रा शाक्य । द्वितीयः राजुमान शाक्य, सवीता चित्रकार व मंगली बुद्धाचार्य । तृतीयः दुर्गेश शाक्य, प्रविता मानन्धर व शुवर्णशोभा बज्राचार्य । सान्त्वनाः अलिना शाक्य, कमण श्रेष्ठ व रूपेश शाक्य ।

### पुस्तक विमोचन

थ्व वंगु पुष ८ गते ठमेल क्वाःपुखुली भिक्षुसंघ पाखें महापरित्राण पाठ सिधःबले भिक्षु कोण्डन्यं च्वया बिज्यागु संक्षिप्त दीघनिकाय व मज्झिम निकाय सफू प्रकाशित यानादीम्ह श्री ज्ञानज्योति कंसाकार पाखे हे उगु सफू उलेगुज्या पूवन । महापरित्राण नं वयक: नं माँबौया गुण लुमंका याकादीगु खः । अन ब्वति कापिं सकसितं दान नं याना दिल ।

थ्वया न्हापां सम्पूर्ण दीघनिकाय व मज्झिमनिकाय नेवा भाषं यलया दुण्डबहादुर बज्राचार्यं अनुवाद याना थपिसं हे छापेयाना बिज्यागु खः । व तःपंगु सफूत ब्वने मलापिन्त थुगु दीघनिकाय व मज्झिमनिकायया सूत्रत चिकिहाक याना भिक्षु कोण्डन्यं च्वया बिज्यागु आपासित ज्याय् खेलेदु ।

## आँखा देखेर अन्धो नबन

✍ ज्ञानरत्न शाक्य पलाती

आँधी बेहरी आए यहाँ
ज्वालामुखी फुटे यहाँ
विश्वयुद्ध गए यहाँ
कति छन् प्राणी जलथलमा
आफन्त भन्ने रहेछ सबमा
गतिशील शिक्षा नपाएमा
चैतन्य चोला गुमाएमा

आफन्त भन्ने कोही छैन यहाँ
आफ्नो शरीर आफ्नो होइन यहाँ
ब्रह्मानन्दको राजा होस् उहाँ
भोग्नैपर्छ पुण्य र पाप सबैको उहाँ
आँखा देखेर अन्धो हुनेलाई
कानले सुनेर बहिरो हुनेलाई
बोल्न जानेर लाटो बन्नेलाई
क्षमा दिंदैन धर्मराज आई

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

## मायादेवी मन्दिर पुनः निर्माण कार्य फेरि अविश्वास ?

गत कार्तिक ६ गते धर्मकीर्ति विहार र धेरै संघ संस्थाहरूले भिक्षुणी धम्मवती गुरमाँको अभिनन्दन समारोहको आयोजना गरिएको थियो । त्यस समारोहमा पूर्व प्रधानमन्त्री तथा कांग्रेस पार्टीका सभापती गिरिजाप्रसाद कोइराला, गृहमन्त्री पूर्णबहादुर खड्का, स्थानिय विकास मन्त्री प्रकाशमान सिंह र युवा खेलकूद तथा सँस्कृति मन्त्री र लुम्बिनी विकास कोषका अध्यक्ष सरदसिंह भण्डारी आदिको समुपस्थिति थियो।

सोही समारोहमा लुम्बिनीमा मायादेवी मन्दिर हालसम्म पुनः निर्माण हुन नसक्नुमा प्रशन उठाउँदै सो मन्दिर छिटो निर्माण गर्नुपर्ने विषयमा कुरा उठाइएको थियो । प्रशनको उत्तर दिने सिलसिलामा सँस्कृति मन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष सरदसिंह भण्डारीज्यूले आफ्नो आत्मविश्वास प्रकट गर्नुहुँदै र जनतालाई विश्वास दिलाउनु हुँदै यसरी घोषणा गर्नुभएको थियो– "यही कार्तिक पूर्णिमा देखि हाम्रो नेपालको तर्फबाट (श्री ५ को सरकारले) नै मायादेवी मन्दिर बनाइने पक्का भयो ।"

यस घोषणालाई सुनेर त्यहाँ उपस्थित हजारौं नेपाली जनताहरू हर्षविभोर भएका थिए । उनीहरूले मन्त्रीज्यूको कुरामा विश्वास गर्दै भनेका पनि थिए, अब त मायादेवी मन्दिर बनाइने भयो । हाम्रो गौरब बढ्ने भयो ।

यही घोषणालाई कार्यान्वयन गर्ने सिलसिलामा कार्तिक पूर्णिमाको दिन लुम्बिनीको अशोकस्तम्भ मुनि एउटा पूजा समारोह गरेर मन्दिर निर्माणार्थ चन्दा संकलन गर्ने कुरा उठाइयो । फलस्वरूप मायादेवी मन्दिर पुनः निर्माण कार्यबाट हर्षित भएका श्रद्धालु जनता र संस्थाहरू (स्वदेशी र विदेशी) हरूको तर्फबाट सत्तरीलाख (रु. ७०,००००० /–) रुपैंयाको रकम चन्दा दिइएको कुरो अखवारहरूले छापेका थिए । यसबाहेक चन्दा दिन इच्छुक अन्य चन्दा दाताहरूलाई मायादेवी मन्दिर पुनः निर्माण गर्न खोलिएको बैंक खातामा चन्दा रकम जम्मा गर्नहुन आह्वान समेत गरिएको थियो । चन्दा संकलन गर्ने कार्य त खूब तदारूकताका साथ कार्यान्वयन भएको देखिन्छ । यसमा कुनै ढीलासुस्ती भएको देखिएन ।

तर मायादेवी मन्दिर पुनः निर्माण कार्य भने कार्तिक पुर्णिमा बितेर अर्को २ वटा पूर्णिमा गइसक्दा पनि हालसम्म थालनी हुन नसक्नु अपशोचको कुरो हो । मन्त्रीज्यूको विश्वासको कुरो हराएर गएको देखेर जनताले अनुमान लगाउनथाले– करोडौं रुपैयाँ (चन्दा) बैंकमा जम्मा भएपछि मात्र उक्त मन्दिर बनाइने योजना पो बनियो कि ?

लुम्बिनी विकास कोषप्रति भइरहेको अविश्वास हालसम्म पनि हराउन सकेको छैन । त्यसमाथि पनि लुम्बिनी विकास कोष र श्री ५ को सरकारको यस्तो गतिविधिले त नेपाली जनताहरू र अन्य विदेशीहरूलाई अविश्वासको अर्को पत्र थपिन सक्ने छाँटकाँट देखियो । त्यसैले मायादेवी मन्दिर पुनः निर्माण कार्यलाई छिटो कार्यान्वयन गर्न सकेको खण्डमा यी अविश्वास रूपी घाऊमा मल्हम लगाइदिने काम हुने थियो । तर यस्तो हुन नसक्नुको फलस्वरूप थुप्रै जनगुनासाहरू सुन्नमा आएका छन् । जुन यसरी छन्–

हाल जति पनि रकम मन्दिर निर्माणार्थ चन्दाको रूपमा प्राप्त भएका छन्, त्यति रकमबाट मन्दिर निर्माण कार्य किन शुरू गरिएन ? मायादेवी मन्दिरको लाखौं रकम आम्दानी हुने दानपात्र के कामको लागि प्रयोग भइरहेका छन् ? लुम्बिनी विकास कोष कार्यालयमा कर्मचारीहरू भर्ति गर्नका लागि मात्र हो कि ? लुम्बिनी विकास कार्यको लागि प्राप्त भएका त्यत्रा विदेशी सहयोगहरू कहाँ गए ? श्री ५ को सरकारले लुम्बिनी विकास कोषलाई वार्षिक १ करोड अनुदान दिइरहेको छ, त्यसमा १ वर्षको लागि (तलब बिजुली आदिको लागि) खर्च गरिसकेपछि करीब २० लाख जति रकम बचत हुने गर्छ । त्यही रकमबाट मायादेवी मन्दिर पुनः निर्माण कार्यको लागि सहयोग पुग्ने थियो आदि आदि ।

श्री ५ को सरकारले यी जन गुनासाहरूलाई छिटो ध्यान पुऱ्याउनु जरूरी देखिन्छन् । किनभने लुम्बिनी विकास कोषबाट लुम्बिनीको विकास सम्बन्धी गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन् । वर्षमा ४,५ लाख मात्र खर्च गरेर भएपनि सडक र ढल निकास आदि लुम्बिनी विकास कार्यलाई अगाडि बढाउनु पर्ने देखिन्छ । जे होस् यी सबै जन गुनासोहरूलाई दृष्टिगत गरी लुम्बिनी विकास कोष र श्री ५ को सरकारले हाल मायादेवी मन्दिर पुनः निर्माण कार्यलाई सकेसम्म छिटो शुभारम्भ गर्नेछ भनी धर्मकीर्तिले आशा राखेको छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड ... २५८६७८

Downloaded from http://www.dhamma.digital